'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

दर्ता नं: ३०२(१८२)०६४/६५
"आर्थिक स्वतन्त्रता र विकासका लागि सहकारीता"
सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर फोन नं. ०१-६६११२००

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सम्बन्धित सबै शेयर सदस्यहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मङ्सिर ३ र ४ गते उपस्थिति भत्ता कार्यालय समय अवधिमा वितरण गरिनेछ ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ५ गते, शनिबार
समय : बिहान १०:०० बजे
स्थान : सिद्धि गणेश तालिम हल, खँचा-७, भक्तपुर

नोट : सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

★ वर्ष : २८ ★ अङ्क : २९८ ★ ने. सं. ११४७ कछला थ्व, अष्टमी ★ मङ्गलबार ★ १ मङ्सिर, २०८३ ★ November 17, 2026, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८



ग्रेट ब्रिटेनअन्तर्गतको स्कटल्यान्डको राजधानी ग्लास्गो सहरमा इजरायली जातिवादी शासनले गरिरहेको प्यालेस्टिनीहरूको नरसंहारविरुद्ध विरोध प्रदर्शन गर्दै स्कटिस आमाहरू नोभेम्बर १६, २०२६ को दिन । युद्धको अन्त्य हुँदा पनि इजरायली सेनाले गाजापट्टी र पश्चिम किनारा (वेस्ट ब्याङ्क) मा प्यालेस्टिनी जनताको हत्या र पक्राउ जारी राखेको छ । *तस्बिर : द हेराल्ड, स्कटल्यान्ड*

सीद्वारा ट्रम्प र पुटिनसँग त्रिपक्षीय बैठक हुने पुष्टि



पेइचिङ, ३० कार्तिक (एएनआई) । चीनले राष्ट्रपति सी चिनफिङ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच आगामी नोभेम्बर १९ मा शेन्जेनमा पहिलो त्रिपक्षीय शिखर बैठक हुने पुष्टि गरेको छ । तीन प्रमुख शक्तिका राष्ट्रप्रमुखबिच हुन लागेको यस बैठकलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कूटनीतिक दृष्टिले महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

चिनियाँ विदेश मन्त्रालयले सोमबार जारी गरेको सङ्क्षिप्त विज्ञप्तिमा राष्ट्रपति सीले नोभेम्बर १९ मा शेन्जेनमा रुसी र अमेरिकी समकक्षीसँग भेटवार्ता गर्नुहुने उल्लेख छ । यद्यपि बैठकमा छलफल हुने विषय र कार्यसूचीबारे मन्त्रालयले थप विवरण सार्वजनिक गरेको छैन । यो उच्चस्तरीय भेटवार्ता चीनको गुआङ्दोङ प्रान्तमा हुन लागेको एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) प्रमुख कार्यकारी अधिकृत (सीइओ) शिखर सम्मेलनसँग पनि जोडिएको छ । चीनको अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन परिषद् (सीसीपीआइटी) ले आइतबार दिएको जानकारीअनुसार नोभेम्बर १७ र १८ मा हुने उक्त सम्मेलनमा राष्ट्रपति सीसहित एपेकका १२ सदस्य अर्थतन्त्रका नेताहरू सहभागी हुनुहुनेछ ।

सिन्ह्वाका अनुसार सीसीपीआइटीका उपाध्यक्ष ली छिङ्सुआङले पत्रकार सम्मेलनमा अस्ट्रेलिया, क्यानाडा, चिली, हङकङ, इन्डोनेसिया, दक्षिण कोरिया, मलेसिया, मेक्सिको, रुस, थाइल्यान्ड, भियतनाम र आयोजक चीनका प्रतिनिधिहरूले सम्मेलनका विभिन्न सत्रमा सम्बोधन गर्ने वा सहभागिता जनाउने जानकारी दिनुभएको थियो ।

राजनीतिक नेतृत्वसँगै सम्मेलनमा विश्वका ठुला व्यावसायिक संस्थाका प्रतिनिधिहरूको पनि उल्लेख्य सहभागिता रहनेछ । फर्च्युन ग्लोबल ५०० सूचीमा रहेका ११५ कम्पनीका कार्यकारीहरू सम्मेलनमा सहभागी हुनेछन् । लीका अनुसार मुख्य भूमि चीनबाहिरका मुलुक तथा क्षेत्रबाट आउने प्रतिनिधिमण्डलमध्ये अमेरिकी उद्यमहरूको सहभागिता सबैभन्दा ठुलो हुनेछ । सम्मेलनमा सहभागी कम्पनीमध्ये करिब २० प्रतिशत अमेरिकी हुनेछन् ।

सम्मेलनमा अमेरिका, रुस र जापानका व्यापारिक सङ्घका नेताहरूका साथै विभिन्न अन्तर्राष्ट्रिय संस्थाका प्रमुखहरू पनि सहभागी हुनेछन् । 'सँगै समृद्धि हासिल गर्ने र भविष्य जित्ने' नारासहित आयोजना हुने यस मञ्चले एपेकका आर्थिक नेताहरूको बैठकको क्रममा सरकारी नीति र निजी क्षेत्रका व्यावसायिक प्राथमिकताबिच समन्वय बढाउने अपेक्षा गरिएको छ ।

बाँकी पृष्ठ २ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १७२

गृहमन्त्रालयको भूमिका

नेपाल सरकारको मापदण्डविपरीत नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका गाडी चालक, भान्छेलगायतका जनताको सेवामा प्रयोग हुनुपर्ने प्रहरी जनशक्ति तथा साधन-स्रोतमाथि पूर्वविशिष्ट पदाधिकारीहरू, गृहमन्त्रालयका विभिन्न तहका कर्मचारीहरूबाट सरकारी र व्यक्तिगत कार्यमा हुने गरेको दुरूपयोगको रोकथाम गर्नुपर्दछ ।

Civil Supremacy को नाममा bureaucratic Supremacy भइरहेको हालको अवस्थालाई तत्काल रोकी मन्त्रालयले Facilitator को भूमिका निर्वाह गर्नुपर्दछ ।

शाखा अधिकृतहरूलाई समेत अनिवार्य भिड नियन्त्रणको आधारभूत जानकारी र अभिमुखीकरण (व्यवहारिक अभ्याससमेत) तालिम अनिवार्य रूपमा दिइनुपर्दछ ।

नेपाल प्रहरीमा भएको राजनीतीकरण र स्वेच्छाचारी रूपमा हुने बढुवालगायतका वृत्ति विकासका प्रक्रियाहरू पारदर्शी, अनुमान योग्य र योग्यतामा आधारित नभएसम्म प्रहरी मनोबललगायतका क्षमताहरूमा ह्रास आइरहने र सामान्य स्तरका घटना परिघटनाहरूको व्यवस्थापन गर्ने दायित्वबाट विमुख हुनसक्ने वा असक्षम हुनसक्ने जोखिम रहने भएकोले नेपाल प्रहरी सङ्गठनको साङ्गठनिक कार्यगत स्वायत्ततालाई संरक्षण र प्रवर्द्धनका नीतिगत प्रयास र अभ्यासहरू विकास गर्नुपर्ने ।

नेपाल प्रहरीमा नेतृत्व विकास, पदोन्नति, कमान्डका जिम्मेवारीहरूमा प्रहरी नेतृत्वलाई नै स्वायत्तता प्रदान गर्ने तथा कमीकमजोरीहरूको सन्दर्भमा जवाफदेही र जिम्मेवार पनि प्रहरी नेतृत्वलाई नै बनाउनुपर्दछ । महत्त्वपूर्ण र संवेदनशील जिम्मेवारीहरूमा पनि प्रहरी नेतृत्व बाहेकको निर्णयको प्रभाव निर्णायक हुने पद्धति र अभ्यासलाई परिवर्तन गरी प्रहरी नेतृत्वलाई नै जिम्मेवार र अधिकारको स्वतन्त्र प्रयोगको वातावरण निर्माण गर्नुपर्दछ ।

Finger print, Facial data, Criminal profile, Ballistic database, Missing persons, Stolen property, Motor vehicle, Fraud, corruption crime लगायतको database प्रहरी प्रधानकार्यालयमा स्थापना हुनुपर्दछ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल प्रहरीको दुईवटा Core Function मध्येको एउटा अपराध नियन्त्रणमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण हुन्छ तथापि विभिन्न कठिन समयमा जवाफदेहिता कसको हुने भन्ने सम्बन्धमा प्रहरी र प्रमुख जिल्ला अधिकारीबिच विवाद सिर्जना हुने गरेको देखिन्छ । यसको प्रत्यक्ष असर फिल्डमा खटिने सुरक्षा कर्मचारीको मनोबल र Chain of Command मा परेको छ । भिड नियन्त्रणमा बल प्रयोगको आदेश दिने अधिकार नेपाल प्रहरीको सम्बन्धित फिल्ड कमान्डर वा जिल्ला प्रहरी प्रमुखलाई नै दिँदा उचित हुन्छ ।

आफ्नो जिल्लाअन्तर्गत प्रहरीको मनोबल उच्च गर्न र साधन-स्रोत सम्पन्न गर्न प्रमुख जिल्ला अधिकारीले सक्रिय भूमिका निर्वाह गर्नुपर्दछ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको भूमिका नबाझिने गरी परिचालन गरिनुपर्ने, एउटै प्रकृतिको प्रहरी काम कारबाहीमा दोहोरो रूपमा नखटाउने । अपराध नियन्त्रणका लागि प्रहरीको सूचना संयन्त्रलाई प्रभावकारी बनाउन अहम् भूमिका खेल्नुपर्दछ ।

जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायहरूको अनुगमनको लागि प्रहरीको सहयोग लिनुपर्दछ । जिल्लास्थित रहेका चर्च, मदरसा, गुम्बा, धर्मशालालगायत विभिन्न मुलुकबाट आइबसेका शरणार्थीहरूको सूक्ष्म अनुगमनका लागि नेपाल प्रहरीको प्रभावकारी परिचालन गर्नुपर्दछ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको परिचालन सम्बन्धमा

सिद्धान्ततः नागरिक प्रहरी र अर्धसैनिक बलबिचको अन्तर कार्य विभाजनको प्रस्टता एवम् जवाफदेही कार्यप्रणालीको व्यवस्था गर्नु अपरिहार्य छ । सुरक्षासम्बन्धी गतिविधि तथा कार्यक्रमहरूमा परिचालन भएका

बाँकी पृष्ठ ३ मा

देशको अवस्थाबारे उठेका प्रश्न

● कतिपय देशमा सरकारको कार्यकारी प्रमुख पद राष्ट्रपति र प्रधानमन्त्री भइसकेकाहरू पनि लेख्ने, पढाउने काममा लागेका छन् । नेपालमा काठमाडौंमा जग्गा घर भएका राष्ट्रपति र प्रधानमन्त्रीहरू जनताको करबाट सुविधा पाउँछन् । कार्तिक ३० गतेको नयाँ पत्रिका दैनिकमा समाचार प्रकाशित भयो - 'एमालेको वरिष्ठ नेताको शपथ लिएकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई सेनाको सुरक्षा किन ?' भण्डारीको सचिवालयले स्पष्टीकरण दियो - 'सक्रिय राजनीतिमा जाने निर्णयसँगै २०८२ असार १८ गतेयता सरकारी भत्ता नलिएको, सरकारले नै आवश्यक ठानेर सेना खटाएको हुनसक्छ ।' वास्तवमा दलगत राजनीतिमा सक्रिय भएका पूर्वराष्ट्रपति, प्रधानमन्त्री र अन्यले सरकारको भत्ता, गाडी, सुरक्षालगायत अन्य सुविधा लिनु नैतिकताभित्र पर्दैन । नेपालीको उखान छ - 'सुन एकसय पटकभन्दा बढी जोखिन्छ, मानिसलाई एकपटक जोखे पुग्छ ।' राज्यको सुविधा लिने नैतिक पतन भएपछि यस्ता प्रश्नहरू गौण हुनु स्वाभाविक हो ।

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्र कुनो





टौदहमा पालिएका माछा हेर्दै पर्यटक

काठमाडौंको कीर्तिपुर नगरपालिका-६ मा अवस्थित ऐतिहासिक टौदहमा पालिएका माछा हेर्दै आन्तरिक पर्यटक । दक्षिणकाली जाने बाटोमा चोभारनजिकै रहेको यो सुन्दर प्राकृतिक दहलाई कर्कोटक नागराजा र रानीको बासस्थानका रूपमा लिइन्छ । बिदाको दिन यहाँ माछा हेर्न र घुम्न आउने आन्तरिक पर्यटकको घुइँचो लाग्ने गर्छ । *तस्बिर: रत्न श्रेष्ठ/रासस*

भक्तपुर–ललितपुरको सिमानामा ३०५ वर्ष पुरानो अभिलेख फेला

- हरिसुन्दर छुकां

भक्तपुर । भक्तपुर र ललितपुरको पहाडी सिमानामा अवस्थित काशी विश्वेश्वरनाथ मन्दिर परिसरमा ३०५ वर्ष पुरानो शिलालेख फेला परेको छ । अभिलेखमा विक्रम संवत् १७७८ उल्लेख छ । यससँगै पुस्तकमा उल्लेख भएर पनि फेला पार्न नसकिएको अर्को पुरानो शिलापत्र र मन्दिर परिसरका ऐतिहासिक प्रस्तर मूर्तिबारे चासो बढेको छ ।

भक्तपुरको दक्षिणपूर्वी र ललितपुरको उत्तरपूर्वी पहाडी सिमानामा पर्ने रिसाल डाँडास्थित ढिकस्पाखामा रहेको काशी विश्वेश्वरनाथ मन्दिर सूर्यविनायक नगरपालिका र महालक्ष्मी नगरपालिकाको सीमाक्षेत्रमा अवस्थित छ । हाल मन्दिर परिसरमा स्थापित शिलालेखको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वबारे स्थलगत अध्ययन भइरहेको छ ।

इतिहासविद् प्रा. डा. पुरुषोत्तमलोचन श्रेष्ठद्वारा लिखित 'अनन्तलिङ्गेश्वर (एक सांस्कृतिक अध्ययन)' पुस्तकको वि.सं. २०६४ मा प्रकाशित संस्करणको पृष्ठ ११४ मा यस मन्दिरसँग सम्बन्धित पुरानो शिलापत्रको प्रसङ्ग उल्लेख छ । पुस्तकमा उक्त शिलापत्रका अक्षर खिइएकोले पढ्न कठिन रहेको र सम्भवत: लिच्छवि लिपिमा रहेको चर्चा गरिएको छ । स्थानीयका अनुसार लामाटार वडा नं. ५ का एक व्यक्तिले उक्त शिलापत्र घरमा लगेको भनाइसमेत पुस्तकमा उल्लेख छ । लेखकले खोजी गर्दा पनि उक्त शिलापत्र फेला पार्न नसकेको जनाइएको छ ।

अहिले मन्दिर परिसरमा रहेको विक्रम संवत् १७७८ को शिलालेख पुस्तकमा उल्लेखित त्यही शिलापत्र हो वा फरक अभिलेख हो भन्ने प्रश्न भने अझै अनुत्तरित छ । यस विषयमा थप अध्ययन र तुलनात्मक विश्लेषण आवश्यक देखिएको छ ।

सोही पुस्तकमा काशी विश्वेश्वरसँग सम्बन्धित पगरी र जामा लगाएको, घुँडा टेकेर बिन्तीभावमा रहेको भक्तको प्रस्तर सालिक (चित्र ७५-क) समेत उल्लेख छ । उक्त प्रस्तर सालिकको स्वरूप, पहिचान र धार्मिक-सांस्कृतिक महत्त्वबारे थप अध्ययन गर्न सके मन्दिरको इतिहाससँग जोडिएका थप तथ्य उजागर हुनसक्ने सम्भावना छ । यस क्षेत्रका पुराना इनारका कारण वन क्षेत्रलाई 'ओपी वन' भन्न थालिएको प्रसङ्गसमेत पुस्तकमा उल्लेख गरिएको छ ।

मन्दिर तथा शिलालेखको स्थलगत अध्ययनमा इतिहास र संस्कृतिमा रुचि राख्ने लुभुका शिक्षक प्रकाश थापा, सिरूटार निवासी लेखक ईश्वर बुढाथोकी, ताथली निवासी सञ्चारकर्मी हरिसुन्दर छुकां र कटुञ्जे निवासी समाजशास्त्री सुरेश बखुन्छेँ सहभागी हुनुहुन्छ ।

अध्ययनको क्रममा अभिलेखमा उल्लेखित संवत् र प्रयोग भएको लिपिले केही महत्त्वपूर्ण ऐतिहासिक प्रश्न उठाएका छन् । अधिकांश मल्लकालीन अभिलेखमा नेपाल संवत् उल्लेख भएको पाइने भए पनि हाल प्राप्त शिलालेखमा विक्रम संवत् उल्लेख हुनुले यस क्षेत्रको तत्कालीन अभिलेखीय परम्पराको थप अध्ययन गर्नुपर्ने देखिएको छ ।

यद्यपि भक्तपुर दरबार परिसरभित्र रहेको तलेजु मन्दिरको उत्तरपूर्वमा अवस्थित कलात्मक ढुङ्गेधारामा नेपाल संवत्, शक संवत् र विक्रम संवत् गरी तीनवटै संवत् उल्लेख भएको उदाहरण पनि छ । नेपालमा चन्द्रशमशेरको इख्तियारपछि नेपाल संवत्को सट्टा विक्रम संवत् सरकारी कामकाजमा प्रचलनमा आएको मानिँदै आएको सन्दर्भमा मल्लकालीन अभिलेखमै विक्रम संवत् उल्लेख हुनुले संवत्को प्रयोग र प्रचलनबारे थप अनुसन्धानको ढोका खोलेको छ । त्यस्तै, अधिकांश मल्लकालीन अभिलेख प्रचलित स्थानीय लिपि तथा नेपालभाषामा पाइने गरेकोमा हाल प्राप्त अभिलेख देवनागरी लिपिमा हुनु पनि अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष हो । यसले अभिलेखको मिति, भाषा, लिपि र तत्कालीन सामाजिक-सांस्कृतिक परिवेशबिचको सम्बन्धबारे थप अध्ययन गर्नुपर्ने आवश्यकता देखाएको छ ।

अध्ययन टोलीका सदस्य एवं समाजशास्त्री सुरेश बखुन्छेंले अभिलेखमा देखिएका यी भिन्नतालाई सामान्य रूपमा लिन नहुने बताउनुभएको छ । उहाँले भन्नुभयो, "प्राय: मल्लकालीन अभिलेख नेपाल संवत्, स्थानीय लिपि र नेपालभाषामा पाइने गरेकोमा यस अभिलेखमा विक्रम संवत् र देवनागरी लिपि देखिनु अध्ययनको महत्त्वपूर्ण विषय हो । यसलाई हल्का रूपमा लिएर निष्कर्षमा पुग्नु हुँदैन । प्रामाणिक तथ्य, इतिहास र तत्कालीन सामाजिक-सांस्कृतिक पक्षसँग दाँजेर बृहत् अध्ययन तथा छलफल गर्न आवश्यक छ ।"

उहाँका अनुसार यस क्षेत्रमा पुस्तकमा उल्लेखित पुरानो शिलापत्र, हाल प्राप्त अभिलेख र भक्तको प्रस्तर सालिगबिचको ऐतिहासिक सम्बन्ध पहिल्याउन सके मन्दिरको इतिहासबारे नयाँ तथ्य पत्ता लाग्न सक्छन् । भक्तपुर र ललितपुरको सिमानामा रहेको यस मन्दिर परिसरमा भेटिएको अभिलेखले स्थानीय इतिहासका कैयौं अनुत्तरित प्रश्नलाई पुन: सतहमा ल्याएको छ । ढुङ्गामा कुँदिएका अक्षरको सूक्ष्म अध्ययन, पुस्तकमा उल्लिखित विवरणसँगको तुलनात्मक विश्लेषण, प्रस्तर सालिक तथा अन्य मूर्तिको लक्षण अध्ययन र स्थानीय मौखिक इतिहासको खोज गर्न सके यस क्षेत्रको मल्लकालीन धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनका महत्त्वपूर्ण पाटाहरू उजागर हुन सक्छन् ।

अध्ययन टोलीका सदस्यहरूका अनुसार अभिलेखको अध्ययन जारी छ र थप तथ्यहरू पत्ता लाग्ने अपेक्षा गरिएको छ । अहिले पुन: पहिचानमा आएको यो अभिलेख एउटा पुरानो लेखोट मात्र नभई समयसँगै ओझेलमा परेको इतिहासको खोजी गर्ने महत्त्वपूर्ण आधार बनेको छ । पुस्तकमा उल्लेख भएर पनि हराएको भनिएको शिलापत्रको वास्तविकता, हाल प्राप्त अभिलेखको ऐतिहासिक पृष्ठभूमि र मन्दिर परिसरमा रहेका प्रस्तर मूर्तिको पहिचानले आगामी दिनमा यस क्षेत्रको इतिहासको नयाँ अध्याय खोल्न सक्ने सम्भावना छ ।





नइ एकेडेमी अस्ट्रेलियाले १४ जनालाई नइ पुरस्कार



भक्तपुर, ३० कार्तिक । नइ एकेडेमी अस्ट्रेलियाले सन् २०२६ का लागि विभिन्न १४ विधामा 'नइ उत्कृष्ट पुरस्कार' समर्पण गरेको छ ।

नइ एकेडेमी अस्ट्रेलियाले नेपाली समुदायको पहिचान, सांस्कृतिक सम्पदा र सामाजिक विकासमा योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सन् २०२२ देखि पुरस्कार प्रदान गर्दै आएको छ ।

अस्ट्रेलियामा नेपाली समुदायको उत्थान, नेपाली भाषा, कला तथा संस्कृतिको संरक्षण र सामाजिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई 'नइ पुरस्कार' बाट सम्मान गरिएको हो ।

पुरस्कारअन्तर्गत बहुसांस्कृतिक नेतृत्व तथा सामुदायिक विकास विधामा डा.कृष्ण हमाल सम्मानित हुनुभएको छ । मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सचेतना विधामा भरत नेपाललाई पुरस्कृत गरिएको छ ।

नेपाली तथा अस्ट्रेलियन समुदायको विकासमा उल्लेखनीय योगदान पुऱ्याएबापत सञ्जीवकुमार शर्मालाई 'नइ उत्कृष्ट पुरस्कार' समर्पण गरिएको छ ।

नेपाली साहित्यमा उत्कृष्ट लेखनका लागि प्रकाश पन्थीलाई 'नइ पारिजात पुरस्कार' प्रदान गरिएको छ ।

त्यस्तै, सञ्चार तथा मिडियामार्फत सामुदायिक सम्बन्ध सुदृढ बनाउन योगदान पुऱ्याएको भन्दै डा.भरत पौडेललाई सम्मान गरिएको छ ।

मानवसेवा अस्ट्रेलियालाई उल्लेखनीय योगदान पुऱ्याएबापत एक हजार डलर राशिको 'नइ मानवसेवा पुरस्कार' समर्पण गरिएको छ ।

अस्ट्रेलिया इन्कर्पोरेटेड र पत्रकारिता तथा सांस्कृतिक सम्पदा संरक्षणमा योगदानका लागि आचार्य राजन शर्मालाई नइ पुरस्कार प्रदान गरिएको छ ।

संस्थागततर्फ नेपाली एसोसिएसन अफ वेस्टर्न अस्ट्रेलिया इन्क उत्कृष्ट सामुदायिक संस्थाका रूपमा सम्मानित भएको छ । पश्चिमी अस्ट्रेलियामा नेपाली भाषा, कला र संस्कृतिको संरक्षण तथा नेपाली समुदायको सशक्तीकरणमा संस्थाले पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो ।

बहुभाषिक पत्रकारिता तथा सांस्कृतिक सम्पदा संरक्षण विधामा डा.राजु मानन्धर, सामुदायिक सेवा तथा विकास विधामा प्रकाश पौडेल र महिला सशक्तीकरण तथा नेतृत्व विधामा उषाकिरण बरिया पोखरेल पुरस्कृत हुनुभएको छ ।

सङ्गीततर्फ नेपाली साङ्गीतिक सम्पदाको प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै निशा केसीलाई सम्मान गरिएको छ । 'द भ्वाइस अफ नेपाल' मार्फत चर्चामा आएका उदाउँदा गायक तथा सङ्गीतकर्मी 'तिखतार' लाई पनि पुरस्कृत गरिएको छ ।

नेपाली समुदायको विकास र उन्नतिमा उत्कृष्ट योगदानका निम्ति राजकुमार भण्डारीलाई 'नइ पुरस्कार' प्रदान गरिएको छ ।

श्रमिक साकोसमा सिंहावलोकन कार्यक्रम सम्पन्न

भक्तपुर, ३० कार्तिक । श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. को २३ औँ वार्षिक साधारणसभाको सिंहावलोकन कार्यक्रम एक समारोहबिच शनिबार हबनब रिसोर्टमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका संस्थापक सल्लाहकार लक्ष्मीभक्त कवांले मानिसले जे रोप्छ त्यही नै फल्ने भएकोले मेहनत परिश्रम नगरी सफलता प्राप्त नहुने कुरामा जोड दिनुभयो ।

"संस्थाको समिति, उपसमिति, शेयर सदस्य तथा कर्मचारीहरुको सहकार्य र सकारात्मक सोचबिना कुनै पनि सहकारी अगाडि बढ्न सक्दैन । त्यसैले सम्पूर्णले आ-आफ्नो क्षेत्रबाट साथ सहयोग गर्न आवश्यक छ ।" उहाँले भन्नुभयो ।

कार्यक्रममा विभिन्न उपसमितिगत रूपमा छलफल गरी साधारणसभाका सकारात्मक तथा सुधार्नुपर्ने पक्षबारे रमेश ग्वाछा, मीना मचामसी, प्रकाश बालालगायतले प्रस्तुतीकरण गरिएको थियो ।

संस्थाका अध्यक्ष कृष्णनारायण मचामसीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संस्थापक सल्लाहकार गणेशराम सुवाल, कानुनी सल्लाहकार बिकल प्रजापति, सचिव श्रीप्रसाद तुईतुई र व्यवस्थापक दिनेश ग्वाछाले कार्यक्रमको औचित्यबारे आ-आफ्ना धारणा राख्नुभएको थियो ।

सीढ्रारा...

सम्मेलनका छलफलमा आपूर्ति शृङ्खलालाई थप भरपर्दो बनाउने, क्षेत्रीय व्यापारिक प्रक्रियालाई सहज तुल्याउने तथा डिजिटल र हरित अर्थतन्त्रका क्षेत्रमा संयुक्त लगानी र सहकार्य विस्तार गर्ने विषय प्राथमिकतामा रहनेछन् ।

यसैबिच, आगामी नेताहरूको शिखर सम्मेलनका लागि निजी क्षेत्रका नीतिगत सुझाव तयार पार्न एपेक व्यापार सल्लाहकार परिषद्को चौथो बैठक नोभेम्बर १४ मा शेन्जेनमा सुरु भएको थियो ।

परिषद्ले निजी क्षेत्रका सुझावलाई समेटेर आगामी नेताहरूको बैठकमा प्रस्तुत गर्ने तयारी गरेको छ ।

सङ्क्षिप्त समाचार

कार्तिकमा सवारी नियम उल्लङ्घन गर्ने १२ हजार ९६७ चालक कारबाहीमा

काठमाडौं, ३० कार्तिक । काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लङ्घन गर्ने १२ हजार ९६७ जना सवारीचालक गएको महिनामा कारबाहीमा परेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार कारबाहीमा पर्नेमा सबैभन्दा बढी मादकपदार्थ सेवन (मापसे) गरी सवारीसाधन चलाउने छन् । कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार यही कार्तिक १ गतेदेखि २९ गते सम्म मादक पदार्थ सेवन गरी सवारी चलाउने दुई हजार ८९२ जना र लागुपदार्थ सेवन (लापसे) गरी सवारी चलाउने ७८ जना चालक कारबाहीमा परेका हुन् ।

प्रहरीले मादकपदार्थ तथा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदा सडक दुर्घटनाको जोखिम बढ्ने भएकाले त्यस्ता गतिविधि नियन्त्रणका लागि नियमित जाँच तथा निगरानी गर्दै आएको छ ।

मादकपदार्थ वा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउन कानुनले निषेध गरेको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा प्रचलित कानुनी व्यवस्थाअनुसार मापसे र लापसे गरी सवारी चलाउने चालकलाई कारबाही गर्ने व्यवस्था छ । प्रहरीले सवारीचालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न तथा मादक पदार्थ र लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाउन आग्रह गरेको छ । **(रासस)**

घाइते दुई जनालाई थप उपचारका लागि सुर्खेत पठाइयो

मुगु ३० कार्तिक । काठमाडौंबाट रारा तालतर्फ आइरहेको बागमती बा १७ च १८६४ नम्बरको आइतबार भएको जिप दुर्घटनाका दुई जना घाइतेलाई थप उपचारका लागि आज सुर्खेत पठाइएको छ ।

उक्त दुर्घटनामा घाइते भएका चालक ललितपुरका कन्चन थापा र अन्जु थापालाई थप उपचारका लागि नेपाली सेनाको हेलिकप्टरमार्फत सुर्खेत पठाइएको प्रहरी नायब उपरीक्षक रविराज थपलियाले जानकारी दिनुभयो ।

उक्त जिप जिल्लाको छायाँनाथ रारा नगरपालिका-७, टोप्लास्थित भिरबाट ६०० मिटर तल खसेको थियो । दुर्घटनामा परी जिपमा सवार पाँच जनामध्ये काठमाडौं कलङ्कीका विजय बस्नेत, रमेश पिडारी र पूर्णकुमार थापाको मृत्यु भएको थियो । मृतक तिनै जनाको शव जिल्ला अस्पतालमा शवपरीक्षण भएपछि आफन्तलाई हस्तान्तरण गरिने नायब उपरीक्षक थपलियाले जानकारी दिनुभयो । **(रासस)**

रैथाने बासमती धान लोपोन्मुख अवस्थामा

उदयपुर, ३० कार्तिक । कुनै समय उच्च गुणस्तर र विशिष्ट बास्नाका कारण पहिचान बनाएको यहाँको रैथाने बासमती धानको खेती पछिल्लो समय घट्दै गएको छ । छोटो समयमा बढी उत्पादन दिने वर्णशङ्कर (हाइब्रिड) जातका धानप्रति कृषकको आकर्षण बढ्नु, सिँचाइ अभाव, रोगकिराको प्रकोप र उत्पादन लागत बढ्नुले परम्परागत बासमती खेती लोप हुने अवस्थामा पुगेको हो । विशेषगरी त्रियुगा नदीको तटीय क्षेत्रमा उत्पादन हुँदै आएको स्थानीय बासमती, करियाकामत (कालो बासमती) र चनमचुर धानको खेती क्रमशः घट्दै गएको छ । अन्य धानको तुलनामा बासमती खेती गर्न बढी समय र मेहनत लाग्ने तर उत्पादन कम हुने भएकाले कृषकले यसको खेती घटाउँदै लगेको बताएका छन् ।

त्रियुगा नगरपालिकाका कृषि शाखा प्रमुख माधव राउत जलवायु परिवर्तनका कारण खोलानाला सुक्दै जानु र पशुपालन घट्नुले कम्पोस्ट मलको उपलब्धता कम भएको बताउनुहुन्छ ।

कृषि ज्ञान केन्द्र उदयपुरका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ मा जिल्लाको १३ हजार ३८० हेक्टर क्षेत्रफलमध्ये १२ हजार ८७७ हेक्टरमा धान खेती गरिएको छ । जिल्लामा खेती गरिएको धानमध्ये सात हजार ३०३ हेक्टरमा मात्र सिँचाइ सुविधा उपलब्ध छ । त्रियुगा, चौदण्डीगढी, बेलका र कटारीका समथर भूभाग तथा भित्री मधेसका फाँटमा धान खेती हुँदै आएको छ । सिँचाइ, गुणस्तरीय बीउ र संरक्षणका कार्यक्रम प्रभावकारी नबनाइए रैथाने बासमतीको मौलिक पहिचान नै हराउने जोखिम बढेको छ । **(रासस)**

दसैँ-तिहार अवधिमा सडक दुर्घटनामा कमी, राजस्व बढ्यो

नारायणगढ (चितवन), ३० कार्तिक । जिल्लामा यस वर्षको दसैँ-तिहार अवधिमा सडक दुर्घटना तथा मानवीय क्षतिमा कमी आएको छ भने ट्राफिक कारबाही र राजस्व सङ्कलनमा वृद्धि भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सडक दुर्घटना घटेका छन् भने ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथिको कारबाही र जरिवाना सङ्कलन बढेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख अनिल थापाका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ मा असोज २५ देखि कार्तिक २६ गतेसम्म ३४ वटा सडक दुर्घटना भएका छन् । ती दुर्घटनामा आठ जनाको मृत्यु भएको छ भने १०१ जना घाइते भएका छन् । कार्यालयका अनुसार सडक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि गरिएको ट्राफिक कारबाही तथा जरिवाना सङ्कलनमा भने उल्लेख्य वृद्धि भएको छ । चालु आर्थिक वर्षमा कारबाहीमा पर्ने सवारीसाधनको सङ्ख्या बढेर एक हजार ८६१ पुगेको छ । यसबाट रु. १७ लाख ७२ हजार ५०० राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।



ग्रिनताल र पृष्ठभूमिमा अन्नपूर्ण हिमशृङ्खला

मनाङको डिस्याङ गाउँपालिका-१ पिसाङमा अवस्थित ग्रिनताल र तालको पृष्ठभूमिमा देखिएको अन्नपूर्ण दोस्रो र चौथो हिमशृङ्खला । *तस्बिरः नवीन लामिछाने/रासस*

उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेसँगै छठ सम्पन्न

काठमाडौं, ३० कार्तिक । आस्था, श्रद्धा र भक्ति भावका साथ मनाइने सूर्य उपासनाको महापर्व छठ उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेसँगै सोमबार बिहान सम्पन्न भएको छ ।

छठ पर्वको अन्तिम दिन आज बिहान मोरङको सुन्दरहरैँ चासहित तराईका विभिन्न स्थानमा रहेका नदी, पोखरी तथा जलाशयमा निर्माण गरिएका छठ घाटमा व्रतालु तथा भक्तजनले उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठी माताको पूजा-आराधना गरेका छन् ।

मोरङको सुन्दरहरैँचाका बुढीखोला, गछिया खोला, गोठगाउँको मध्याली खोला, सलकपुरस्थित भुल्के जलाधार, विराटचोकस्थित कालीखोला तथा किस्ती खोलालगायतका स्थानमा छठ पर्व उल्लासपूर्ण वातावरणमा मनाइएको छ ।

मकवानपुर: जिल्लामा यस वर्ष ६५ हजारभन्दा बढी भक्तजन सहभागी भई छठ मनाएका छन् ।

हेटौँडाको राप्ती तटमा आयोजित छठ विशेष पूजा समारोहमा राप्ती नदी किनाराको दायाँतर्फ निर्माण गरिएको पूजास्थलमा ६५ हजार व्रतालुले छठ पूजा गरेको पूजा प्रबन्ध समिति, हेटौँडाका संयोजक रवि गुप्ताले जानकारी दिनुभयो ।

भक्तपुर: कमल पोखरीदेखि गोदावरी खोलासम्म रातभर जाग्राम बसी बिहानै उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व सम्पन्न भएको छ ।

आइतबार कमलपोखरीदेखि गोदावरी खोलासम्ममा साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर रातभर जाग्राम बसी आज बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर पर्व समापन गरिएको भक्तपुरको बालकोटस्थित गोदावरी खोला छठ व्यवस्थापक दशरथ ठाकुरले बताउनुभयो ।

कपिलवस्तु: जिल्ला सदरमुकाम तौलिहवा, कृष्णनगर, पकडी, लबनी लगायत कपिलबस्तुको ७९ स्थानमा मैथली, अवधी र पहाडी समुदायका महिलाले आइतबार साँझको अस्ताउँदो सूर्य र सोमबार बिहानको उदाउँदो सूर्यलाई अर्घ्य दिएर छठ पर्व मनाएका छन् ।

यहाँका जमुवार, रामघाट, कृष्णनगर, बहादुरगञ्ज, पकडी, लबनी लगायतका नदी तटीय क्षेत्रमा जम्मा भएका महिला तथा पुरुषले छठ मनाउँदै रातभर जाग्रम बसी भजन कीर्तन गरेका थिए ।

सप्तरी: सप्तरीमा छठ पूजाको चौथो दिन सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएर चारदिने छठ पूजा सम्पन्न भएको छ ।

व्रतालुले छठ पूजा गर्ने स्थान पोखरी तलाउ, नदी वा जलाशयमा झिसमिसे उज्यालोमा स्नानगरि नरिवलमाथि दियो बालेर पानीमा उभिने र सूर्य उदाएपछि चढाउन राखिएको एकएक पूजाको सामग्री सूर्यलाई देखाउँदै परिवारका सदस्य, आफन्त तथा इष्टमित्रले दुधले अर्घ्य दिएर छठ पूजा सम्पन्न भएको छ ।

महोत्तरी: यस वर्ष जिल्लाको बर्दिबास बजार क्षेत्रमात्र नभएर यसै क्षेत्रका हाथीलेट, बिजलपुरा, मेघरोल, प्रेमनगर, पशुपतिनगर, किसाननगर र मनहरिपुरसहितका बस्तीका घरआँगनमा छठघाट बनाएर भक्तजनहरूले छठ मनाएका छन् ।

त्यसैगरी गौशाला र भङ्गाहा नगरपालिकाका विभिन्न बस्तीका घरआँगनमै छठघाट बनाएर धेरैले पर्व मनाएका छन् । **(रासस)**

बजारमा माग बढेपछि 'थारू आलुखेती' विस्तार गर्दै किसान

बर्दिया, ३० कार्तिक । स्वादिलो, लामो समयसम्म भण्डारण गर्न सकिने र बजारमा राम्रो मूल्य पाउने भएपछि बर्दियाका किसान रैथाने आलुखेतीतर्फ आकर्षित हुन थालेका छन् । स्थानीय तहले बीउमा अनुदान दिन थालेपछि यसको खेती विस्तार हुँदै गएको छ ।

बढैयाताल गाउँपालिका-६ मैनापोखरका किसान हाकिम थारूले गत वर्ष गाउँपालिकाबाट अनुदानमा प्राप्त बीउबाट राम्रो उत्पादन भएपछि यस वर्ष खेतीको क्षेत्रफल बढाउनुभएको छ । गत वर्ष एक कट्ठामा खेती गर्दा चार क्विन्टल आलु उत्पादन भएको र स्वाद तथा बजार मूल्य राम्रो पाएपछि यस वर्ष दुई कट्ठामा खेती गर्न लागेको उहाँले बताउनुभयो ।

मैनापोखरका किसान परशुराम थारूले गत वर्ष दुई कट्ठा क्षेत्रफलमा थारू आलुखेती गरेर सात क्विन्टल उत्पादन गर्नुभएको थियो । उत्पादित आलुमध्ये चार क्विन्टल बिक्री गरेर रु. २० हजार आम्दानी गर्न सफल भएको उहाँले जानकारी दिनुभयो ।

एक दशकअघि लोप हुने अवस्थामा पुगेको थारु आलु बजारमा माग बढ्न थालेपछि पुनः खेती विस्तार र व्यावसायिक उत्पादनतर्फ उन्मुख भएको छ । बर्दियामा उत्पादित आलुको माग स्थानीय बजारका साथै नेपालगन्ज, कोहलपुर, काठमाडौं र पोखरासम्म हुने गरेको राजापुरका किसान जगत चौधरीले बताउनुभयो ।

आलुको संरक्षण र व्यावसायिक खेती प्रवर्द्धनका लागि जिल्लाका विभिन्न स्थानीय तहले अनुदानमा बीउ वितरण गर्न थालेका छन् । बढैयाताल गाउँपालिकाका विभिन्न वडामा ३० हेक्टर क्षेत्रफलमा तरकारीखेती हुँदै आएकामा पाँच हेक्टरमा थारू आलुखेती हुने गरेको गाउँपालिकाका कृषि प्रसार अधिकृत शरण चौधरीले बताउनुभयो ।

उहाँका अनुसार गाउँपालिकाले गत वर्ष आलुखेती विस्तार गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा १६ क्विन्टल आलुको बीउ वितरण गरेको थियो । चालु आर्थिक वर्षमा आलुखेती विस्तारका लागि रु. चार लाख बजेट विनियोजन गरिएको छ । किसानको मागका आधारमा उक्त बजेट थारू आलुखेती प्रवर्द्धनमा खर्च गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

रैथाने बालीका रूपमा रहेको थारू आलु जिल्लाका आठवटै स्थानीय तहमा खेती हुने गरेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका कृषि प्राविधिक अधिकृत फिर्तुमान चौधरीले बताउनुभयो ।

रैथाने बाली संरक्षणका लागि प्रदेश सरकारले रु. चार लाख बजेट विनियोजन गरेको जानकारी दिँदै उहाँले थारू आलु पनि रैथाने बालीअन्तर्गत पर्ने भएकाले यसको संरक्षण तथा प्रवर्द्धनमा उक्त बजेट खर्च गर्न सकिने बताउनुभयो । यसको भण्डारणका लागि शीतभण्डार आवश्यक नपर्ने कृषि प्राविधिक चौधरीले बताउनुभयो । प्रकाश नपर्ने ओसिलो ठाउँमा राख्नसके वर्षभरि नै भण्डारण गर्न सकिने उहाँको भनाइ छ । **(रासस)**

कार्की....

सुरक्षाकर्मीहरूबिच एउटै धारणा, दृष्टिकोण र सामूहिक भावना तथा सामूहिक जिम्मेवारी बोध हुनुपर्ने हो तर कुन अवस्थामा कसले के गर्ने भन्ने कुराको बारेमा स्पष्ट जिम्मेवारी कानुनमै उल्लेख नभएका कारण पनि फिल्डमा समन्वयको कमी भएको देखिन्छ । दुवै सङ्गठनका सदस्यहरूलाई एउटै प्रकृतिको ड्युटीमा खटाउने हो भने दुई अलग अलग सङ्गठन राख्नु समस्यामात्र हुन्छ । एक अर्काको बाटो हेर्ने स्थिति आउने कारण समस्या समाधानमा कठिनाइ थपिन्छ । यसको लागि सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको परिचालनलाई थप व्यवस्थित गर्नु जरूरी देखिन्छ । यसको लागि देहायका कार्यहरू गरिनु पर्दछ ।

स्थानीय प्रशासन ऐन २०२८ मा नै दुबै सङ्गठनको काम कर्तव्य स्पष्ट गरिनुपर्दछ । दुबै निकायबिच प्रस्ट रूपमा कार्य विभाजन हुन जरूरी छ । सँगै खटिने अवस्था भएमा Dual Command Structure हटाइनुपर्दछ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीबिच स्पष्ट कार्यविभाजन भई भिड नियन्त्रण कार्यमा नेपाल प्रहरीभित्रकै सशस्त्र प्रहरी गणहरूलाई पर्याप्त जनशक्ति र विभिन्न प्रकारका गैरघातक (Non Lethal) सामग्रीहरूसहित सुसज्जित गरिनुपर्दछ ।

सशस्त्र प्रहरीलाई विपद् उद्धार, vital installation security, Anti\Counter Terrorism र Hostage rescue/ negotiation मा विशेष प्रशिक्षणसहित आधुनिक प्रविधि र सामग्रीहरूले सुसज्जित गर्नुपर्ने ।

प्रहरी र सशस्त्र प्रहरीलाई बेग्ला बेग्लै किसिमको हातहतियार उपलब्ध गराउनुपर्छ । जसका कारण कसले गोली प्रहार गरेको हो भनी यकिन गर्न सहज हुन्छ । आगामी दिनमा दुबै सङ्गठनले प्रत्येक वर्ष सङ्गठनभित्र बृहत् रूपमा चाँदमारी प्रतियोगिता अनिवार्य रूपमा सञ्चालन गरी भिड नियन्त्रणलगायत अन्य प्रहरी कारबाहीमा अनिवार्य रूपमा चाँदमारीमा अब्बल प्रहरी अधिकृतहरूलाई मात्र हतियारसहित ड्यूटी खटाउने व्यवस्था गर्नुपर्दछ । महत्त्वपूर्ण प्रतिष्ठाको सुरक्षा सशस्त्र प्रहरीबाट गराइनुपर्दछ ।

। सम्पादकीय ।

विदेशी सहयोग, अनुदान र ऋणले कुनै पनि देश आत्मनिर्भर बनेको छैन

विदेशी सहयोग, अनुदान र ऋणले कुनै पनि देश आत्मनिर्भर बनेको छैन । विदेशी सहयोग, ऋण र अनुदानमा सरकार पर्खेर बसेसम्म देशले विकास गर्न सक्नेछैन । दल ठुलो हुँदैमा या सरकारको नेतृत्व पटक-पटक गर्दैमा स्वाभाविक रूपमा देश विकास हुन्छ भन्ने कुरा पनि भ्रम हो । ठुला दलको सरकारले नै देशमा शासन गर्ने हो । अहिले पनि ठुलै दलको नेतृत्वमा सरकार छ । तर, देश विकास गर्ने खाका सरकारले कोरेको पाइँदैन; विकासको लागि पूर्वाधार तयार पारेको देखिँदैन ।

वैदेशिक ऋणको जालोमा फसेर कति देश सङ्कटमा परेका छन् । कति देश ऋणमा डुबेका छन् । वैदेशिक अनुदान, सहयोग या ऋण आफू अनुकूल कुनै योजनामा खर्च गर्न पाइँदैन । विदेशी ऋणको कारण देशको अर्थ नीति, शिक्षा नीति, कृषि नीति, स्वास्थ्य नीति वन नीति आदिमा असर पार्न सक्छ । विदेशी ऋण लिएसँगै ऋण दिनेहरूको आफ्नै नीति कार्यान्वयन गर्नुपर्ने बाध्यता हुन्छ । एमसीसी यसको एक दृष्टान्त हो । विदेशी शक्ति राष्ट्रले आफ्नो अनुकूलमा उसले भनेझैँ नेपाल सरकारले काम गर्नुपर्ने हुन्छ । त्यो कुरा नेपाली माटो सुहाउँदो हुँदैन । तर, नेपालका शासकहरू विदेशी सहयोग पाउने भएपछि देश र जनतालाई दूरगामी असर पार्ने सन्धि-सम्झौता गर्न पनि पछि पर्दैनन् । शासकहरूको यस्तै कुबुद्धि या अदूरदर्शिताको कारण देशको प्राकृतिक स्रोत र साधन, उद्योग-कारखाना विदेशी कम्पनी या विदेशी व्यापारीहरूको हातमा पर्न गएको हो ।

दूरदर्शी सरकारले अरु देशको हित र चाहना हेर्ने होइन । आफ्नो देशको चाहना, आवश्यकता र हित हेर्ने हो । हरेक कुरा विदेशीले हेर्ने, विदेशीको भरमा बसे सरकारले देशको हित कहिले गर्ने ? देशको आवश्यकता अरु देशले खोज्ने होइन; अरु देशले हेर्ने होइन । आफ्नो देशको उत्पादनमूलक काममा आफूले पूर्वाधार तयार गर्ने हो; विदेशी सहयोग उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने हो । लिइएको ऋण, सहयोग वा अनुदान उचित ठाउँमा प्रयोग नगर्दा देश आर्थिक सङ्कटमा पर्नसक्छ । वैदेशिक ऋण बढेर देश असफलतातिर जान सक्छ । वैदेशिक ऋण बढ्दै जाने, ऋण तिर्न नसकेर ऋणमाथि ऋण थपेर देशै डुब्ने सम्भावना हुन्छ । यसबारे शासकहरू गम्भीर हुनुपर्छ ।

आफ्नो देशको आवश्यकता अरु देशलाई थाहा हुँदैन । सरकारको नेतृत्व गरेका दलका नेता र मन्त्रीहरूलाई नै जनताको समस्या थाहा हुँदैन भने अरु देशका शासकहरूले नेपालीको समस्या थाहा पाउलान् ? नेपाल र नेपालीको हित नचाहने विदेशी शासकहरूले त यहाँको खनिज, प्राकृतिक स्रोत साधन, उद्योग आफ्नो नियन्त्रणमा कसरी लिने भनी जाल बुनेका हुन्छन् । उनीहरूले नेपालका शासकहरूलाई विकास र आर्थिक लगानीको लोभ बाँडेर प्राकृतिक स्रोत, साधन आफ्नो हातमा लिएका छन् । तर, देशका नदी-नाला, उद्योग कारखाना लिए पनि नेपालका शासकहरू बिउँझेका छैनन् । आफ्नै देशका उद्योग, व्यापारी या देशभक्त पुँजीपतिहरूलाई सञ्चालन गर्न नदिई विदेशी शक्तिको हातमा दिन पछि नपर्ने नेपालका शासकहरू देशभक्त हुन् कि दलाल ? सोचनीय छ ।

भएको कारखाना डुबाउने र बन्द गर्ने, सामान निर्यातभन्दा आयात बढाएर स्वदेशी रकम विदेश पठाउने, व्यापार घाटा बढाएर देशलाई सधैँ परनिर्भर बनाइरहने सरकारी नियत वास्तवमा देशविरोधी कदम हो । विगतमा उद्योग र नदी-नाला मात्र विदेशीको हातमा दिने काम सरकारले गऱ्यो भने अहिले युरेनियमसमेत अमेरिकाको हातमा दिने चर्चा भइरहेको छ । एमसीसीमा हस्ताक्षर गरेर आर्थिक सहयोग लिएबापत सरकारले के युरेनियम अमेरिकाको हातमा दिन लागेको हो ? इरानमा आक्रमण गरेर संयुक्त राज्य अमेरिकाले तेलखानी आफ्नो हातमा लिने कुत्सित प्रयास गरेझैँ नेपालले आर्थिक सहयोगको बहाना जोडेर युरेनियम हस्तान्तरण गर्न लागेको हो ? यसमा विगतका सरकारहरू चुकेझैँ अहिले रास्वपाको सरकार पनि चुकेको छ । यस अर्थमा रास्वपाको सरकार झन् देशको निम्ति खतरा बनेको छ । देशका देशभक्त राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी र व्यापक जनताले यसको विरोध गर्नुपर्छ । यदि नेपाल सरकारले अमेरिकालाई युरेनियम दिने सम्झौता गरेको छ भने त्यो सम्झौता फिर्ता लिनुपर्छ । नेपालको अमूल्य खनिज कुनै विदेशी शक्ति राष्ट्रलाई दिनु हुँदैन ।

अन्तर्राष्ट्रिय समुदायको नजरमा नेपाल विस्तारवादी भारत र साम्राज्यवादी अमेरिकी देशको कठपुतली बनिरहेको छ । ठुला देशले नेपाल र नेपालीको अहितमा जे जस्तो काम गरे पनि नेपालका शासकहरूले भारतीय शासक र अमेरिकी शासकहरूको अगाडि चुइँक्क बोल्दैनन् या बोल्ने आँट गर्दैनन् । यही भएर भारतीय पक्षले देशको विभिन्न स्थानमा बिघाको विघा नेपाली भूमि मिचेको हो; भूमि मिचेर आफ्नो हातमा लगेको हो ।

युक्रेनसँग विकल्पहरू सकिँदै छन्, रुसलाई यो थाहा छ !



✍ लियोनिद रागोजिन

यस हप्ता अबु धाबीमा युक्रेन, रुस र संयुक्त राज्य अमेरिकाबिच भएको त्रिपक्षीय वार्ताले तत्कालै कुनै ठुलो सफलता नल्याउन सक्छ तर यसले द्वन्द्वको त्यो दिशालाई स्पष्ट रूपमा देखाउँछ जुन सायद अब अन्त्यको नजिक पुग्दै छ ।

दुई पक्षबिच अझै कायम रहेको राजनीतिक तथा भावनात्मक खाडललाई कुनै कुराले प्रस्ट पार्छ भने, त्यो हो यस हप्ता कोपेनहेगनमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले दिएको अभिव्यक्ति । उनले रुसी नेता भ्लादिमिर पुटिन अझै जीवित रहेकोमा दुःख व्यक्त गरेका थिए । तर, युक्रेनको कठोर यथार्थले उनलाई आफ्ना कट्टर शत्रुसँग एउटा अप्रिय सम्झौता गर्नुपर्ने अवस्थातर्फ धकेलिरहेको छ ।

किभ सबैभन्दा प्रतिकूल परिस्थितिमा वार्तामा बस्न बाध्य भयो । यस्तो समयमा जब ऊसँग रुसका विनाशकारी हवाई आक्रमणहरूको सामना गर्ने साधनहरू निकै सीमित छन्; जसले उसका प्रमुख उद्योगहरूलाई क्षति पुऱ्याइरहेका छन् र ठुला सहरहरूमा अत्यावश्यक पूर्वाधारहरूलाई तहसनहस पारिरहेका छन् । युक्रेनका प्रमुख वार्ताकारहरूमध्ये एक, डेभिड अराखामिया, जो जेलेन्स्कीको संसदीय समूहको नेतृत्व गर्छन्; उनले यी वार्ताहरूलाई सन् २०२२ यता आफूले भाग लिएका वार्ताहरूमध्ये सबैभन्दा कठिन वार्ताहरूमध्ये एकका रूपमा वर्णन गरे । उनले भने कि रुसीहरू निकै कडा निर्देशनहरू लिएर आएका थिए र छलफलको शैलीलाई नरम बनाउन गाह्रो भएको थियो । उनको मूल्याङ्कनले रुसले आफूलाई बलियो स्थितिबाट वार्ता गर्नका लागि सुसज्जित भएको देखाउँछ ।

यसैबिच, मस्कोले वार्ताको नतिजाप्रति सकारात्मकता व्यक्त गऱ्यो । पुटिनका सहयोगी भ्लादिमिर मेदिन्स्कीले वार्ताले दुई मुलुकलाई शान्तिको नजिक पुऱ्याएको बताए । अराखामियाले समेत यस वर्षको अन्त्यअघि नै समाधानमा पुग्ने दिशामा गतिमा वार्ता बढेको बताए । यो कुरा ध्यान दिनुपर्छ कि, सम्झौताका रूपरेखाबारे रुसले आफ्नो अडान परिवर्तन गर्ने कुनै सङ्केत नदेखिएकै अवस्थामा यो सकारात्मक आशा देखा परेको हो । वर्षौंदेखि भन्दै आएजस्तै, क्रेमलिनले यस्तो युक्रेनको अडान लिइरहेको छ जुन पूर्ण रूपमा तटस्थ र असैनिकीकृत होस्, साथै किभले त्यहाँका रुसी भाषी बोल्ने जनसङ्ख्याको अधिकारको सम्मान गरोस् ।

यदि यी सबै कुरा पश्चिमा जगतका धेरै मानिसहरूका लागि एउटा अप्रिय आश्चर्यका रूपमा आएका छन् भने, यसको कारण यो हो कि यस वर्षको अधिकांश समय पश्चिमा राजनीतिज्ञ र मूलधारका सञ्चारमाध्यमहरूले युद्धको पाटो फेरिँदै गरेको र युक्रेनले बलियो स्थिति हासिल गर्दै गरेको कुरामा जोड दिइरहेका थिए । युक्रेनले रुसी तेल प्रशोधन केन्द्रहरूलाई लक्षित गरी लामो दूरीका प्रहारहरू गर्नु र युद्धभूमिमा रुसी सेनाको अगाडि बढ्ने गति अत्यन्त सुस्त हुनुले उनीहरूको आशावादलाई अझ बल पुऱ्याएको थियो ।

सेप्टेम्बर महिनासम्म आइपुग्दा लिथुआनियाका राष्ट्रपति गितानास नौसेदाले भनेका थिए, "नामबाहेक अन्य सबै अर्थमा, रुसले युद्ध हारिसकेको छ ।" सोही समयतिर, नेटोका महासचिव मार्क रुत्तले युक्रेनमा रुसको अवस्था राम्रो नरहेको बताए ।

जुलाईमा अङ्कारा शिखर सम्मेलनका लागि नेटो नेताहरू भेला हुँदा, युक्रेनलाई युद्धभूमिमा अग्रता प्राप्त छ भन्ने धारणालाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत स्वीकार गरिसकेका थिए जस्तो देखिन्थ्यो ।

तर, युरोपेली आर्थिक सहयोग र अमेरिकी गुप्तचर जानकारीको सहयोगमा युक्रेनले अघि बढाएको आक्रामक कदमको जवाफमा, रुसले चौबीसै घण्टा हवाई हमलाहरू जारी राख्यो; जसले युक्रेनलाई सहन सक्ने क्षमताको अन्तिम सीमासम्म पुऱ्याउँदै छ । मस्कोको सन्देश कठोर थियो - युक्रेन र पश्चिमा राष्ट्रहरूले रुसमाथि पुऱ्याउन सक्ने कुनै पनि क्षतिको बदलामा युक्रेनमा यस्तो भीषण विनाश निम्त्याइनेछ, जसबाट तंग्रिन दशकौँ लाग्नेछ ।

आउँदो जाडोयामले युक्रेनभर मानवीय विपत्ति निम्त्याउने देखिन्छ । युक्रेनी ऊर्जा पूर्वाधारमा रुसी आक्रमणले विद्युत् र केन्द्रीय तताउने (Central Heating) आपूर्ति अवरुद्ध भएको छ । लाखौँ युक्रेनीहरू, विशेष गरी ठुला सहरहरूमा, केन्द्रीय तताउने प्रणालीमा निर्भर अपार्टमेन्ट भवनहरूमा बस्छन्; यो प्रणाली नहुँदा उनीहरूको घर बस्नै नसकिने अवस्थामा पुग्न सक्छ । जेनेरेटरहरूले अस्थायी रूपमा विद्युत् प्रदान गर्न सक्छन् तर तिनीहरूको प्रयोगले युक्रेन तथा उसको युद्ध प्रयासका लागि आर्थिक सहयोग उपलब्ध गराउने पश्चिमी करदाताहरूका लागि युद्धको लागत अत्यधिक बढाउँदै लगेको छ ।

ट्रम्प प्रशासनको दबाबले होइन, बरु यिनै गम्भीर परिस्थितिहरूले युक्रेनलाई वार्तामा आउन बाध्य पारेको हो । यदि जेलेन्स्कीलाई यति धेरै दबाब महसुस नभएको भए, उनले कम्तीमा वसन्त ऋतुसम्म पर्खने थिए ।

युक्रेनको आक्रामक अभियानले मस्कोका शान्तिसम्बन्धी सर्तहरूमा रत्तिभर पनि परिवर्तन ल्याउन सकेको छैन । यसैबिच, युद्धका वास्तविकताबारे पश्चिमी दृष्टिकोणमा उल्लेखनीय परिवर्तन आएको छ । परिवर्तन भइरहेको परिदृश्यका दुई प्रमुख सङ्केतहरू छन्, जसले अबु धाबी वार्ताको कार्यसूचीलाई प्रत्यक्ष रूपमा प्रभावित पार्छन् ।

युद्ध सुरु भएयता पहिलो पटक, पश्चिमा संस्थापन पक्षको एउटा ठुलो हिस्सा युरोपको युद्धपछिको सुरक्षा संरचनाबारे छलफल गर्न तयार देखिएको छ । यो विषय पहिलो पटक अमेरिकी वार्ताकार जारेड कुशनरले उठाएका थिए, जसले युद्धपिपासु खेमामा आक्रोश पैदा गऱ्यो । तर, अबु धाबी वार्तापछि मेदिन्स्कीले बताए कि यो कार्यसूचीको मुख्य विषय थियो ।

यो विषय डिसेम्बर २०२१ मा पूर्ण स्तरको रुसी आक्रमण हुनुभन्दा केही महिनाअघि, मस्कोले अघि सारेको कार्यसूचीसँग मेल खान्छ । अमेरिका र युक्रेनले रणनीतिक साझेदारीसम्बन्धी एउटा बडापत्रमा हस्ताक्षर गरेपछि यस्तो भएको हो । सम्भवतः यही घटना पुटिनको आक्रमण गर्ने निर्णयका लागि निर्णायक कारक बन्यो । युरोपको सुरक्षा संरचनाका बारेमा मस्कोसँग छलफल गर्ने विचार नै पश्चिमा जगतमा चार वर्षभन्दा बढी समयसम्म कडा रूपमा निषेधित विषय बनेको थियो तर अब भने पक्कै पनि त्यस्तो अवस्था छैन ।

कुशनरका अनुसार, चाखलाग्दो कुरा के हो भने यो व्यापक र महत्त्वपूर्ण विषय वार्तामा मुख्य विवादको विषय बनेन; उनले भू-भागसम्बन्धी मुद्दा सबैभन्दा कठिन विषय रहेको बताए । वार्ता सफल हुनका लागि युक्रेनी सेना डोनेत्स्क क्षेत्रको बाँकी भागबाट पछि हट्नुपर्ने कुरामा मस्कोले लामो समयदेखि जोड दिँदै आएको छ ।

बाँकी पृष्ठ ७ मा



युक्रेन, संरा अमेरिका, संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, इटाली, नेटो र युरोपेली आयोगका प्रतिनिधिहरूले १० नोभेम्बर, २०२६ मा अबु धाबीमा आयोजित एक बैठकमा सहभागिता जनाए ।
(हयान्डआउट/युक्रेनी वैदेशिक गुप्तचर सेवा, एएफपी मार्फत)

भुस्याहा कुकुर नियन्त्रण गर्न आवश्यक



पाठक पत्र

सम्पदा क्षेत्रमा भक्तपुर नगरपालिकाले विशेष ध्यान दिएको कुरा घामजत्तिकै छर्लङ्ग छ । २०७२ सालको भूकम्पबाट क्षति पुऱ्याएको पाटी, पौवा, सत्तल, द्यौछेँ, मन्दिर, दरबार आदि पुनःनिर्माण गरेर अग्रणी भूमिका खेलेको कुरा हामी सबै नगरवासीलाई ज्ञात नै छ । त्यस्तै ढुङ्गा छपाइ, खानेपानीको बन्दोबस्त, विद्युत्को तार लाइन व्यवस्थापनको सुरुवाती पनि सराहनीय छ । स्वच्छ वातावरण, हरियाली प्रवर्द्धनको लागि सांस्कृतिक सम्पदा क्षेत्रमा गमला राख्न, टोल टोलमा रहेको इनार, ढुङ्गेधारा, पोखरी पुनःनिर्माण गरेको पनि राम्रै छ । ६.८ वर्ग कि.मि. क्षेत्रमा ३५ वटा पोखरी हुनु भक्तपुरको गौरव हो । सबै पोखरी पुनःनिर्माण भइसकेका छन् । कतिपय पोखरीमा पानीको फोहरा राखेर, चारैतर्फ बत्ती बालेर झिलिमिली बनाउनु पनि त्यतिकै राम्रो काम हो । रात्रिकालीन समय मनमोहक हुनु त्यतिकै राम्रो छ । जसले भक्तपुर नगरवासीलाई मात्र होइन, बाह्य पर्यटकहरू जो भक्तपुरमा बास बस्न आएका छन्, तिनीहरू घुम्न आउँदा अत्यन्त आनन्द मान्छन् । टोल टोलमा भएका मठ, मन्दिरको झल्लर, झिलिमिली बत्ती सबै राम्रा छन् । तर, छाडा कुकुरले गर्दा समस्या देखिएको छ । दर्जनौँको बथानमा रहेको कुकुरले लखेट्दा टोक्न खोज्दा आन्तरिक तथा बाह्य बटुवाहरूलाई समस्या परेको देखिन्छ । त्यतातर्फ न.पा.ले ध्यान दिने हो कि ? टोलटोलमा देखिएका भुस्याहा कुकुरलाई नियन्त्रण गर्न न.पा.ले छलफल चलाउनुपर्ने देखिएको छ । जहाँसम्म पशु अधिकारवादीहरूको कुरा छ, तिनीहरूलाई बोलाएर यो समस्या देखाउनु पऱ्यो ।

भुस्याहा छाडा कुकुरले टोकेर रेविजजस्तो प्राणघातक रोग सर्ने र कुकुरले टोक्नासाथ एन्टिरेबिज भ्याक्सिन (खोप) लिनैपर्ने हुँदा कुकुरबाट डराउनु स्वाभाविकै हो । पशु अधिकारवादीहरूले पनि नागरिकको जीवन सुरक्षालाई प्राथमिकता दिनुपर्दछ । भुस्याहा कुकुर नियन्त्रणमा नगरपालिकालाई सहयोग गर्नु आवश्यक छ ।

- किशन श्रेष्ठ, भक्तपुर

सन् १९१७ को मजदुर क्रान्ति - ८

✍ नारायणमान बिजुक्छें (रोहित)

२९ अक्टोबर (११ नोभेम्बर)

संवैधानिक प्रजातान्त्रिक पार्टीलाई अङ्ग्रेजीमा कन्स्टिच्युसनल डेमोक्रेटिक पार्टी भनिन्छ । ती अङ्ग्रेजी शब्दको पहिलो अक्षर मिलाएर 'क्याडेट' शब्द बनेको हो । 'जनमुक्ति पार्टी' नामले चिनिने त्यो उदार सामन्त र धनीहरूको पार्टी थियो । ११ नोभेम्बरको दिन त्यस पार्टीले पेट्रोग्रादमा विद्रोह गर्‍यो । तिनीहरूले 'पितृभूमि र क्रान्ति रक्षा समिति' भनेर क्रान्तिविरोधीहरूको सङ्गठन बनाएका थिए ।

पेट्रोग्रादको भोर्काया सडकमा टेलिफोन अड्डा थियो । दुङ्गै दुङ्गाले बनेको त्यो अड्डा एक ठुलो किल्लाजस्तो थियो । केही बोल्शेभिक सिपाहीहरूले लाखौं तारहरूको त्यस केन्द्रलाई पहरा दिइरहेका थिए । दिनभरको पहरालले थाकेका ती सिपाहीहरू पालो फेर्न पर्खिरहेका थिए ।

रातको १२ बजिसकेको थियो । ११ नोभेम्बरको सबैरै केही युङ्करहरू त्यहाँ पुगे । शीतल दरबारमा बन्दी बनाउँदा सोभियत हुकुमको विरोधमा नलड्ने प्रतिज्ञा गरेपछि छोडिएका ती खानदानी परिवारका युवा अफिसरहरू लालरक्षकहरूकै भेषमा त्यहाँ पुगे । तिनीहरूको पोसाक, बन्दुक भिरेको तरिका, सबै काटीकुटी बोल्शेभिकहरूको जस्तै थियो । तिनीहरूले पहरा बसेका सिपाहीहरूलाई बोल्शेभिकहरूले जस्तै कानमा गुप्त सन्देश सुनाए । त्यसअनुसार पहरामा बसेका सिपाहीहरूले आफ्ना बन्दुकहरू एक कोठामा जम्मा गरे । त्यति हुनासाथै २० जवान ती देखाएर सबै बोल्शेभिकलाई बन्दी बनाए । क्रान्तिलाई धोका दिएर ती युङ्करहरूले टेलिफोन अड्डालाई आफ्नो कब्जामा राखे ।

सडकमा पहरा दिएर युङ्करहरूले आवतजावत गरेका मोटर र जनताबाट पैसा र कर असुल गर्न लागे । त्यसैबेला सञ्जोगले ओसार्न पाइँदैनथ्यो । पुँजीपतिवर्ग आफैले बनाएको नियम सजिलैसित उल्लङ्घन गर्ने गर्छन् र प्रतिक्रियावादीहरूले धोका दिन्छन् भन्ने कुरा बोल्शेभिकहरूले सोचेका थिएनन् ।

युङ्कर अफिसरहरूले त्यो गाडीलाई प्रतिक्रान्तिको सदरमुकाम सैनिक इन्जिनियरिङ अड्डा र मिखाइलोभ्स्की युङ्कर स्कूलमा लगे । त्यहाँ बेलायती र फ्रान्सेली अफिसरहरू सिधै लडाईका गतिविधिहरूलाई सञ्चालन गर्दै थिए । त्यहाँ प्रतिक्रियावादी अफिसरहरूले 'युङ्करहरूलाई सैनिक क्रान्तिकारी समिति' को नक्कली पास, बोल्शेभिकहरूलाई मार्ने औषधि र सामान दिए । लडाईंसम्बन्धी अरू सल्लाह पनि दिए; त्यहाँबाट एक तोप गाडी र सहायक टोली पठाउने आदेश पनि दिए । गाउँ-गाउँबाट आएका किसान, सैनिकहरू, लालरक्षक र माझीहरू ती सबै जालझेल बुझ्दैनथे ।

बोल्शेभिकहरूले पनि गोलाबारुद बर्साएर टेलिफोन अड्डा ध्वस्तै पार्न थाले । युङ्करहरू आउने सबै बाटो बोल्शेभिकहरूले छेकिसकेका थिए । केही नलागेर युङ्करहरूले आत्मसमर्पण गरे । केही समय अघिसम्म बन्दी बनाइएका सोभियत युद्धमन्त्री अन्तोनोभले अमेरिकी पत्रकार अल्वर्ट रीस विलियम्समार्फत प्राण रक्षाको वचन दिए ।

तर, चारैतिर जम्मा भएको उत्तेजित भिडले बन्दी युङ्करहरूलाई छोए अन्तोनोभले गोली हान्ने कुरा बताए । उत्तेजित भिड धोकेबाज, जनविरोधी र हत्यारा युङ्करहरूलाई टुक्राटुक्रा गर्न खोज्दै थिए । आखिर क्रान्तिको निम्ति, नयाँ व्यवस्थाको निम्ति र अनुशासनको निम्ति आफ्नो नेतृत्व कलाको शक्तिबाट अन्तोनोभले स्थितिलाई काबुमा ल्याउन सफल भए । प्रतिक्रान्तिको फेरि हार भयो ।

टेलिफोन अड्डा जस्तै युङ्करहरूले सैनिक



लालरक्षक र स्वेच सेनाबिचको लडाइँ

सोभियत युद्धमन्त्री अन्तोनोभ पनि तिनीहरूबाट पक्रिए । पेट्रोग्रादमा कुशल नेताहरूको कमी थियो । अन्तोनोभको पक्राउले प्रतिक्रियावादीहरू साहै खुसी भए ।

त्यो कुरो थाहा पाउनासाथै बोल्शेभिक र मजदुरहरूले टेलिफोन अड्डालाई चारैतिरबाट घेरे । युङ्करहरूलाई ध्वस्तै पार्ने ढङ्गले लडाइँको तयारी गरियो । दुवैतिर गोली हानाहान भयो । युङ्करहरूले आफ्नो खराब स्थितिलाई बुझेर अन्तोनोभलाई अगाडि सारेर शान्ति वार्ताको प्रस्ताव राखे । पहिले पनि वचन पालन नगरेको हुनाले लालरक्षकहरूले तिनीहरूलाई विश्वास गरेनन् । यसकारण, बोल्शेभिकहरूले अन्तोनोभलाई आफ्नै बलले छुटाउने दृढता व्यक्त गरे ।

एउटा मोटरको चारैतिर रेडक्रस (परोपकार) को चिह्न टाँसेर युङ्करहरूले रेडक्रसको केन्द्रबाट घाइते सिपाहीहरूलाई औषधि ल्याउने निहुँ भिके । उपचार दल र रेडक्रसको चिह्न भएको मोटरमा गोली नचलाउने लडाइँको नियम थियो । तर, त्यसले हातहतियार र गोलाबारुद होटल र रेडियो पनि कब्जा गरेका थिए । त्यहाँ पनि चर्को लडाइँ भयो ।

टेलिफोन अड्डामा थुप्रै माथिल्लावर्गका केटीहरू काम गर्थे । लडाइँ हुँदा तिनीहरूले फेरि जार सरकार नै फिर्ता ल्याउने हिसाबले खानदानी सैनिक अफिसरहरूलाई गोली-बारुद ओसारेर मद्दत गरेका थिए । घाइतेहरूलाई मलमपट्टी लगाउँथे । ठुलाबडाका छोराहरूको सङ्गठन तिनीहरूलाई मनपर्थ्यो । तर, बोल्शेभिकहरूको कब्जामा अड्डा जानासाथ तिनीहरू डरले रुवाबासी गरेका थिए । प्राण रक्षाको वचन पाउनासाथ तिनीहरूले मजदुर, किसान, माझी र बोल्शेभिकहरूलाई 'छि', 'फोहरी, मूर्ख, 'गाउँले' जस्ता शब्दहरूले घृणा गरे । सैनिक क्रान्तिकारी समितिले तिनीहरूलाई टेलिफोन अड्डामै काम गर्न सम्झायो । तिनीहरूको तलब ६० रूबलबाट १५० रूबल र कामको घण्टा १० बाट घटाउने कुरा गर्‍यो । तिनीहरूले प्रस्ट शब्दमा बोल्शेभिक 'जनावरहरूको तल' बसेर महिनाको १००० रूबल दिए पनि काम नगर्ने निर्णय बताए ।

यस घटनाबाट पनि थाहा हुन्छ कि वर्गसङ्घर्षको बेला महिला र पुरुषको कुरा आउँदैन । शोषकवर्गका महिलाहरू पनि मजदुर र किसानहरूका विरोधी हुन्छन् । नारी मुक्तिको नाउँमा शोषकवर्गका महिलाहरूलाई मजदुरवर्गले छुट दिने कुरो उठ्दैन ।

टेलिफोन अड्डा, ब्लादीमिर स्कूल र अन्य ठाउँ फेरि बोल्शेभिकहरूको कब्जामा गएको समाचारले १ लाख ८३ हजार मतले चुनेको नगर ड्यूमाको अधिवेशनमा निराशा देखियो । तर, पत्रपत्रिकाहरू क्रान्तिमाथि टीकाटिप्पणी गर्दै थिए ।

२९ अक्टोबरको राति पेट्रोग्रादका मजदुर र सैनिकहरूको प्रतिनिधिसभा (सोभियत) को बैठक हुँदै थियो । बैठकमा मजदुरहरूको ८ घण्टाको कामको दिन, खाली भवनहरूमा मजदुरहरूलाई बस्न दिने, रोगी, असक्त, बुढाबुढी, सुत्केरी, विधवा, अनाथ र बेकारीको बन्दोबस्तमा मालिकहरूले खर्च बेहोर्नुपर्ने सामाजिक बीमा, शिक्षा आदि विषयका आदेशहरूबारे छलफल हुँदै थियो । बैठकमा ३ सय जति मानिस उपस्थित थिए ।

मजदुर र किसानहरूको सोभियतको केन्द्रीय कार्यकारिणी समिति (त्से-इ-काह) को बैठकमा रेल मजदुर सङ्घको केन्द्रीय कार्यकारिणी समितिको एक प्रतिनिधि बोल्दै थियो, "हामी दुवै पक्षको सामान ओसार्न अस्वीकार गर्छौं ।" ऊ सबै समाजवादीहरूको एक सम्मेलनको माग गर्दै थियो । त्यसको जवाफमा कामेनेभले बोल्शेभिक कार्यक्रमलाई स्वीकार गर्नुपर्ने कुरामा सङ्केत गरे । त्रोत्स्कीले बोल्शेभिकहरूको जितको बयान गर्दै भने, "रगत बगिसकेको हुनाले क्रूर सङ्घर्षबाहेक अर्को बाटो छैन । अर्को तरिकाले हामी जित्छौं भन्ने कुरा केटाकेटीपन हुनेछ ।"

मेन्शेभिक सदस्य श्योफेले आफ्नो पार्टीको घोषणा पढ्न खोज्दा त्रोत्स्कीले मौलिक कुरामा बहस गर्न दिएनन् । मेन्शेभिक सदस्यले ठुलो स्वरले कराउँदै भन्यो, "अब हाम्रो बहस चौबाटोमा हुनेछ ।' एक सिपाहीले भन्यो, "लडाइँको मोर्चाको खाडलमा यो समाचार पुगेपछि तिनीहरूले 'यो हाम्रो सरकार हो' भन्ने छन् ।" पालैपालो प्रतिनिधिहरूले बोल्शेभिकहरूलाई समर्थन गर्न लागे ।

नगर ड्युमाको माथि अलेक्सान्द्र बैठकमा पनि 'रक्षा समिति' को बैठक भइरहेको थियो । त्यहाँ अफिसरहरूको विभिन्न रङ्गका पोसाक चम्किरहेका थिए । मेन्शेभिक र समाजवादी क्रान्तिकारी बुद्धिजीवीहरू बसिरहेका थिए । झिलीमिली लुगा लगाएका बैङ्कपति, कूटनीतिज्ञ र सिङ्गारपटार गरेका महिलाहरू थिए । आफूलाई 'गन्य-मान्य सम्झिने ती भद्र-भलाद्मीले टेलिफोन अड्डाबाट छुटकारा पाएका सिङ्गारपटारमै मर्न चाहने केटीहरूको बयान सुन्दै थिए ।'

ती केटीहरूले टेलिफोन अड्डामा मजदुरहरूबाट भएको 'अपमान र कष्ट' का झूटा कुरा बयान गर्दै थिए ।

ड्युमाको बैठक चलिरहेको थियो । त्यहाँ बोल्शेभिकहरूविरुद्ध प्रचार कार्यमा बल दिइँदै थियो । त्यस्तै, रेल मजदुर सङ्घको केन्द्रीय कार्यालयमा सबै समाजवादी पार्टीहरूको सम्मेलन भइरहेको थियो । तिनीहरू बोल्शेभिकहरूलाई निःशस्त्र पार्ने; पेट्रोग्राद छाउनीलाई ड्युमाको मातहतमा राख्ने; बोल्शेभिकहरूबाहेक सबै समाजवादी पार्टीहरूको एक संयुक्त मन्त्रिमण्डल बनाउने विषयमा छलफल गरिरहेका थिए ।

उता लेनिन र बोल्शेभिकहरू पछिको लडाइँको निम्ति तयारी गर्दै थिए ।

३० अक्टोबर (१२ नोभेम्बर)

सोमबारको दिन थियो । पेट्रोग्रादको लडाइँ निर्णायक लडाईं थियो । सारा रूसले पेट्रोग्रादको फैसला हेरिरहेको थियो । एकातिर सोभियतहरूको नयाँ सेना थियो भने अर्कोतिर पुरानो हुकुम थियो । सोभियत सेनाको अर्थ थियो, भर्खरका कलिला लालरक्षकहरू । तिनीहरूसँग अफिसरहरू थिएनन्, तिनीहरूसँग खास योजना थिएन ।

तिनीहरूसँग ५ हजार नियमित सेनामात्र थियो । बोल्शेभिकपट्टि लागेका तालिम प्राप्त पेट्रोग्राद छाउनीको सेना युङ्करहरूको विद्रोह दबाउनमा लागेको थियो ।

अर्कोतिर तालिम प्राप्त ठुलो सेना, अनुभव प्राप्त अफिसरहरू, बुद्धिजीवीहरू, पुँजीवादी सरकार र साम्राज्यवादी देशहरू थिए ।

विरोधीहरू भन्दै थिए, बोल्शेभिकहरूसँग बुद्धिजीवीहरू छैनन् । मन्त्रालयहरूमा कामै भइरहेको छैन । रूस भनेको पेट्रोग्राद सहरमात्र होइन; पूरै देश हो । तिनीहरू धेरै दिन टिक्दैनन्, तिनीहरू दुस्साहस गर्दै छन् आदि ।

जनकमिसार परिषद्ले गुप्त सन्धिहरू प्रकाशित गर्ने वचन दिएको थियो । तर, कागतपत्रको जिम्मा लिने कर्मचारी बेपत्ता थियो । भनिन्छ, त्यो कर्मचारी कागतपत्रसमेत लिएर बेलायतको दूतावासमा लुकेको थियो ।

नगर ड्युमा मानिसहरूले भरिएको थियो । बोल्शेभिकहरूले ड्युमालाई प्रतिक्रान्तिको केन्द्र भनेका थिए । त्यसको जवाफमा मेयर श्रेइदेरले ड्युमा राजनीतिक पार्टीहरूको सङ्गठनमा भाग लिइरहेको छैन; देशमा कुनै राजनीतिक सत्ता नहुँदा



युङ्करहरूविरुद्धको गस्ती गर्दै लालरक्षकहरू

नगरपालिका सुव्यवस्थाको केन्द्र र स्वायत्त शासन हो; युङ्करहरूले बोल्शेभिकहरूको केन्द्र स्मोल्नीमा टेलिफोन काट्दा विरोध गरेका थिए भन्नेजस्ता कुरा गर्दै थिए । बोल्शेभिकहरूको विजयले नगर ड्युमाको अध्यक्षको घमण्ड झर्दै तटस्थ देखिदै थियो । बोल्शेभिकहरू उनलाई व्यङ्गय गर्दै थिए ।

नगर ड्युमाको एक बोल्शेभिक सदस्य कोबोजेभले भने, 'हामीले ड्युमालाई राजनीतिक सभामा फेर्नु हुन्न भनेर मेयर महाशय भन्नुहुन्छ तर यहाँ मेन्शेभिक वा समाजवादी क्रान्तिकारी भलाद्मीहरू जे जति भन्छन्, त्यो तिनीहरूको पार्टी प्रचारबाहेक केही पनि होइन । तपाईंले जनताको नाममा एक अपिल प्रकाशित गर्नुभएको छ र हामी पनि यसो गर्ने अधिकार राख्छौं ।"

संवैधानिक प्रजातन्त्रवादी भनिने शोषक पार्टीको एक क्याडेटले राजद्रोहको अपराधीलाई सजाय गर्नुपर्छ र बोल्शेभिक सदस्यलाई ड्युमाबाट निकाल्नुपर्छ भन्ने दाबी गर्‍यो । मेन्शेभिकहरूले बोल्शेभिकहरूलाई मारकाटको निम्ति उत्तेजित पारिरहेको बताए । एकजनाले भने, बोल्शेभिकहरूको विरोध गर्नेहरू क्रान्तिविरोधी हुने भए म क्रान्ति र अराजकतामा केही भेद देख्दिनँ । त्यस्तै, सबै विरोधी पार्टीहरू बोल्शेभिक पार्टीको विरोधमा आगो ओकल्दै थिए । तिनीहरूको रिपोर्टअनुसार सारा जनता बोल्शेभिकहरूको विरोधमा जाँदै छन्; करेन्स्की नआए पनि बोल्शेभिकहरूसँग सरकार चलाउने मानिसहरू नै छैनन् र तिनीहरू आपसमा लड्दै छन् ।

समाजवादी क्रान्तिकारी पार्टीको 'रक्षा समिति' ले भित्रभित्र षड्यन्त्र गर्दै थियो । तिनीहरू करेन्स्की, युङ्कर र क्याडेटरलाई उचालेर बोल्शेभिकहरूलाई खतम गर्न चाहन्थे । फेरि तिनीहरू 'बोल्शेभिकहरूले किसानको समर्थन प्राप्त गर्न हाम्रो कार्यक्रम चोरेका हुन्; यो पूरै बेइमानी हो; संविधानसभालाई पर्खनुपर्छ' भन्थे ।

उता स्मोल्नीमा पनि बोल्शेभिकहरूको बैठक भइरहेको थियो । बैङ्कहरूले बोल्शेभिकहरूलाई पैसा दिन मानिरहेका थिएनन् । यसकारण, लेनिनले राष्ट्र बैङ्कलाई बारुदले उडाइदिन र निजी बैङ्कको ढुकुटी पनि खोल्न आदेश दिनुभयो । कज्जाकहरू क्रास्नोये सेलोबाट पनि हट्दै छन्; पुल्कोभामा चर्को लडाइँ हुँदै छ; मस्कोको स्थिति पेट्रोग्रादको स्थितिमा निर्भर छ; लडाइँको मोर्चाहरूमा शान्ति र भूमिको विज्ञप्तिले राम्रो असर पारेको आदि रिपोर्ट त्रोत्स्कीले दिँदै थिए ।

भूमि कार्यक्रमबारे लेनिनले बोल्नुभयो, "तिनीहरूको भूमि कार्यक्रम हामीले चोरेको आरोप लगाइँदै छ । कुरो यस्तै हो भने हामी तिनीहरूको अगाडि टाउको झुकाउँछौं । हाम्रो निम्ति कार्यक्रम धेरै राम्रो छ ।"

एकपछि अर्को नेता, सिपाही, मजदुर र किसान उठेर बोल्थे, वादविवाद गर्थे । घाइते सिपाही र मानिसहरू आउँथे; जान्थे; बैठक चल्दै थियो । उता लडाइँमा चर्काचर्की चलिरहेको थियो ।

पेट्रोग्रादको बाहिरी फेराको कोलपिनो, ओबुखोभो, पुल्कोबो र त्रोस्नोये सेलो भन्ने ठाउँमा अस्थायी सङ्गठनहरू २९ अक्टोबर वा ११ नोभेम्बरमा मात्रै बनाइएको थियो । तितरबितर भएका सिपाहीहरूका दल त्यतैतिर मिल्न गइरहेका थिए । सिपाही, लालरक्षकहरू, ब्यारेकका रेजिमेन्टहरूको केही भाग, पैदल सिपाही, घोडचढी सिपाही, तोप हान्ने दल, मजदुरहरू र सबै प्रकारका जनताका दल त्यहाँ भेला भए । ती खुकुलोरूपले सङ्गठित जनसमूहका दललाई बोल्शेभिकहरूले स्वागत गर्थे र तिनीहरूलाई लड्ने ठाउँ तोकिदिन्थे । तिनीहरू आफै आफ्ना दलका कमान्डरहरू चुन्थे । यसप्रकार पुरानो व्यवस्थालाई पल्टाउन चाहने र नयाँ युगलाई ल्याउन चाहने व्यापक जनसमूहको इच्छा एक भयो । शत्रुहरूदेखि रिसाएका ती जनता लडाइँको निम्ति तयार भएर बसेका थिए ।

१२ नोभेम्बर दिउँसो ३ बजे गोलाबारी सुरु भयो । कज्जाकहरूको साहस घट्दै थियो । क्रास्नोये सेलोमा करेन्स्कीको एक दूत आएर गोलाबारी बन्द गर्ने एक प्रस्ताव दियो । प्रस्तावअनुसार गोलाबारी बन्द नगरे 'निर्णायक' कार्य गर्ने धम्की दिइएको थियो । बोल्शेभिकहरूले त्यस दूतलाई करेन्स्कीले आत्मसमर्पण गरेपछि मात्रै गोलाबारी रोक्ने जवाफ दिए । क्रास्नोये सेलो र पूरा इलाकामा बत्ती निभाइएको थियो र पादरीहरू जनतालाई धर्मको नाममा बोल्शेभिकहरूको विरोधमा भड्काउँदै थिए ।

राति करेन्स्कीले क्रान्तिकारी सेनालाई फेरि आत्मसमर्पण गर्न प्रस्ताव पठाए । करेन्स्कीले फेरि गोलाबारी गरे । बोल्शेभिकहरूले पनि त्यसको जवाफ दिए । कज्जाकहरूले जनतामाथि हमला गर्न थाले । बस, के थियो । जनता लड्न तयार थिए । स्थानीय सोभियत र कारखानामा मजदुरहरूले आवश्यक हातहतियार र सामान पुऱ्याएकै थिए । माझीहरूले शत्रुहरूमाथि अचुक निशाना लगाएर गोली हान्न थाले । अनि, अचानक चारैतिरबाट सबैले एकैचोटि हमला सुरु गरिहाले । लडाइँको केही ज्ञान नभएका साधारण मजदुरहरूले पनि लड्नमा खप्पिस सम्झिएका कज्जाक घोडचढी सिपाहीहरूमाथि धावा बोल्न थाले; कज्जाकहरूको घोडाको लगाम समातेर तिनीहरूलाई नै घोडाबाट खसालेर पछारे । यसप्रकार, जनताको ठुलो सङ्ख्याको आँधीबेहरीजस्तो चर्को हमलाले शत्रु सेना तर्सियो । कज्जाकहरू तोप छोडेर भागे । बोल्शेभिकहरूले धेरै परसम्म तिनीहरूलाई लखेटे; ११-१२ बजेसम्ममा त्साइस्कोये सेलो नगर र सरकारको ठुलो रेडियो स्टेसन जनताकै कब्जामा रह्यो । त्साइस्कोएको रेडियो स्टेसनले तुरुन्तै सबै सोभियतलाई रेडियो सन्देश पठायो । लडाइँमा माझी, सिपाही र लालरक्षकहरूले ठुलो साहस देखाएका थिए ।

पुल्कोबोले सैनिक स्टाफबाट राति २ बजेर १० मिनेट जाँदा स्मोल्नीको बैठकमा एक समाचार पठाए । समाचारमा भनिएको थियो, ३०-३१ अक्टोबरको रात इतिहासमा सदा अङ्कित रहनेछ । क्रान्तिको राजधानीको विरोधमा क्रान्तिविरोधी सेनाबाट धावा बोल्ने करेन्स्कीको कोसिस निर्णायक रूपले विफल गराइयो । पुँजीपतिवर्गले क्रान्तिकारी सेनालाई अलग गर्ने कोसिस गरेको थियो । करेन्स्की कज्जाकहरूको शक्तिबाट त्यसलाई टुक्राउन चाहन्थ्यो । ती दुवै योजना दयनीय रूपले विफल भयो । करेन्स्की एक माझीको भेषमा भाग्यो ।

साभार : अक्टोबर क्रान्ति र यसको महत्त्व

सञ्चारमाध्यमको निजीकरणविरुद्ध चेक गणतन्त्रमा विशाल विरोध प्रदर्शन



प्राग, ३० कार्तिक (एपी)। सार्वजनिक रेडियो र टेलिभिजनको वित्तीय व्यवस्था निजीकरण गर्ने सरकारको योजनाविरुद्ध चेक गणतन्त्रको राजधानी प्रागमा आइतबार करिब तीन लाख ५० हजार मानिसले प्रदर्शन गरेका छन्। प्रधानमन्त्री आन्द्रेज बाबिस नेतृत्वको सरकारले ल्याएको योजनाले सञ्चारमाध्यमको स्वतन्त्रता कमजोर पार्न सक्ने भन्दै प्रदर्शनकारीले विरोध गरेका हुन्।

सन् १९८९ को भेलभेट क्रान्तिको वार्षिकोत्सवको पूर्वसन्ध्यामा लेटना पार्कमा आयोजित प्रदर्शनमा सहभागीहरूले योजना फिर्ता लिन माग गरे। आयोजक मिकुलास मिनारले यसलाई आन्दोलनको सुरुआत मात्र भएको बताउनुभयो।

सरकारले नागरिक तथा व्यवसायबाट उठाइँदै आएको नियमित शुल्कको सट्टा सार्वजनिक सञ्चारमाध्यमलाई राज्यको बजेटबाट रकम दिने प्रस्ताव गरेको छ। तर, यसबाट उनीहरूको बजेट करिब १५ प्रतिशत घट्ने र कर्मचारी कटौती तथा कार्यक्रम बन्द हुन सक्ने चिन्ता व्यक्त गरिएको छ। आलोचकहरूले यसले सरकारको सञ्चारमाध्यममाथिको नियन्त्रण बढाउने बताएका छन्।

विधेयक संसद्बाट अघि बढाउने क्रममा विपक्षीको बोल्ने समय सीमित गरी बिहान ४:३६ बजे मतदान गराइएको घटनाले पनि विरोध चर्काएको छ। सार्वजनिक सञ्चारमाध्यमका कर्मचारीले हडताल गर्नुका साथै श्रमिक सङ्गठन, विश्वविद्यालय, विद्यार्थी, कलाकार र अन्तर्राष्ट्रिय सञ्चारमाध्यम संस्थाले आन्दोलनलाई समर्थन गरेका छन्। युरोपेली संसद्मा समेत यस विषयमा छलफल भएको थियो।

प्रधानमन्त्री बाबिसले भने योजनाले सञ्चारमाध्यमको स्वतन्त्रतामा असर नपार्ने दाबी गर्दै त्यसलाई अघि बढाउने बताउनुभएको छ। प्रदर्शनकारीले सरकारको रक्षा नीतिको पनि विरोध गर्दै रुससमर्थक दलका नेता तथा सभामुख टोमियो ओकामुरा र रक्षामन्त्री जारोमिर जुनाको राजीनामा माग गरेका छन्। आयोजक मिनारले रुससमर्थक दलका कारण देशको रक्षा क्षमता कमजोर हुन सक्ने चिन्ता व्यक्त गर्नुभयो।

गाजाको मानवीय सङ्कटप्रति चार देशको चिन्ता, सहायता तत्काल खुलाउन माग

गाजा, ३० कार्तिक (सिन्हुवा)। गाजामा बढ्दो मानवीय सङ्कटप्रति चिन्ता व्यक्त गर्दै अस्ट्रेलिया, क्यानडा, इटाली र बेलायतले इजरायल सरकारलाई अत्यावश्यक राहत सामग्री तत्काल प्रवेश गर्न दिन आग्रह गरेका छन्।

चार देशका विदेशमन्त्रीहरूले सोमबार संयुक्त वक्तव्य जारी गर्दै गाजाको मानवीय अवस्था अत्यन्तै गम्भीर बनेको बताएका हुन्। जाडो मौसम सुरु भएसँगै त्यहाँका सर्वसाधारणलाई सुरक्षित आश्रय, खाद्यान्न तथा अन्य अत्यावश्यक मानवीय सहायताको आवश्यकता बढ्दै गएको उहाँहरूको भनाइ छ।

विदेशमन्त्रीहरूले गाजामा रहेका नागरिकहरू अहिले कठिन परिस्थितिको सामना गरिरहेको उल्लेख गर्दै मानवीय सहायता वितरणमा भइरहेको अवरोध तत्काल हटाउन इजरायलसँग आग्रह गरेका छन्। 'यो अवस्था पूर्ण रूपमा सुधार गर्न सकिने खालको छ र जाडो मौसम पूर्ण रूपमा सुरु हुनुअघि पनि आवश्यक कदम चाल्ने समय बाँकी छ,' संयुक्त वक्तव्यमा भनिएको छ।

उहाँहरूले इजरायल सरकारलाई राहत सामग्री प्रवेशमा भइरहेको ढिलाइ तत्काल रोक्न तथा गाजाका सबै क्षेत्रमा मानवीय सहायता छिटो, निर्बाध र अवरोधरहित रूपमा पुऱ्याउने व्यवस्था मिलाउन आग्रह गरेका छन्।

संयुक्त वक्तव्यमा विशेषगरी अत्यावश्यक राहत सामग्री सीमा क्षेत्रमा रोकिएको विषयलाई गम्भीर रूपमा उठाइएको छ। विदेशमन्त्रीहरूका अनुसार करिब एक लाख ५० हजार पालसहितका महत्त्वपूर्ण राहत सामग्री गाजामा प्रवेशको प्रतीक्षामा सीमा क्षेत्रमा थन्किएका छन्।

जाडो मौसम नजिकिँदै गर्दा पर्याप्त आश्रयको अभावमा रहेका गाजाका नागरिकको अवस्था थप कठिन बन्न सक्ने भन्दै चार देशले तत्काल मानवीय सहयोग आवश्यक रहेको बताएका छन्।

उहाँहरूले मानवीय आवश्यकतालाई प्राथमिकतामा राख्दै राहत सामग्री वितरणमा कुनै अवरोध हुन नहुनेमा जोड दिएका छन्।

गाजामा मानवीय सहायता पुऱ्याउने विषय अन्तर्राष्ट्रिय समुदायको चासोको विषय बन्दै गएको छ। विशेषगरी विस्थापित नागरिकका लागि अस्थायी आवास, खाद्यान्न तथा अन्य आधारभूत सामग्रीको उपलब्धता सुनिश्चित गर्न तत्काल कदम चाल्नुपर्ने आवश्यकता औंल्याइएको छ।

अस्ट्रेलिया, क्यानडा, इटाली र बेलायतको संयुक्त आग्रहसँगै गाजामा मानवीय सहायता प्रवेश सहज बनाउने विषयमा इजरायलमाथि अन्तर्राष्ट्रिय कूटनीतिक दबाब थपिएको छ।

एआई चिपको माग बढ्दा दक्षिण कोरियाको निर्यातमा उछाल

सियोल, ३० कार्तिक (सिन्हुवा)। कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको विश्वव्यापी विस्तारसँगै त्यसमा प्रयोग हुने सेमिकन्डक्टर तथा मेमोरी चिपको माग बढेपछि दक्षिण कोरियाको सूचना तथा सञ्चार प्रविधि (आईसीटी) क्षेत्रको निर्यातमा अक्टोबर महिनामा उल्लेखनीय वृद्धि भएको छ।

दक्षिण कोरियाको उद्योग, व्यापार तथा स्रोत मन्त्रालयले सोमबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार अक्टोबरमा आईसीटी उत्पादनको निर्यात गत वर्षको सोही अवधिको तुलनामा २०२ प्रतिशतले बढेर ७० अर्ब ३५ करोड अमेरिकी डलर पुगेको छ। दक्षिण कोरियाको कुल निर्यातमा आईसीटी क्षेत्रको हिस्सा ६१ प्रतिशत रहेको छ। यसले देशको आर्थिक गतिविधि र निर्यात वृद्धिमा प्रविधि क्षेत्रको महत्त्वपूर्ण भूमिका देखाएको छ।

तथ्याङ्कअनुसार सेमिकन्डक्टर निर्यात सबैभन्दा बढी २५९.४ प्रतिशतले वृद्धि भई ५६ अर्ब ४७ करोड डलर पुगेको छ। विश्वभर एआई डाटा सेन्टर तथा पूर्वाधार निर्माणमा लगानी बढ्दा उच्च क्षमताका मेमोरी चिपको माग तीव्र बनेको छ। मागमा भएको वृद्धिसँगै चिपको मूल्यसमेत बढेकाले निर्यातमा उल्लेख्य सुधार आएको हो।

त्यस्तै, ओएलईडी प्रविधिमा आधारित डिस्प्ले प्यानलको माग बढ्दा यसको निर्यात २३.६ प्रतिशतले वृद्धि भई दुई अर्ब तीन करोड डलर पुगेको छ। प्रिमियम स्मार्टफोनको बिक्रीमा सुधार आएपछि मोबाइल फोनको निर्यात पनि ६.५ प्रतिशतले बढेर एक अर्ब ७१ करोड डलर पुगेको छ।

कम्प्युटर तथा सहायक उपकरणको निर्यातमा भने सबैभन्दा तीव्र वृद्धि देखिएको छ। एआई डाटा सेन्टरमा प्रयोग हुने सोलिड स्टेट ड्राइभ (एसएसडी) को माग बढ्दा यस क्षेत्रको निर्यात ४३९.३ प्रतिशतले उकालो लागेर पाँच अर्ब ९९ करोड डलर पुगेको छ। सञ्चार उपकरणको निर्यात पनि २६.५ प्रतिशतले बढेर २३ करोड डलर पुगेको मन्त्रालयले जनाएको छ।

यसैबिच, अक्टोबरमा दक्षिण कोरियाको आईसीटी उत्पादनको आयात ५२.७ प्रतिशतले वृद्धि भई १९ अर्ब ८० करोड डलर पुगेको छ। आयात बढे पनि निर्यातमा भएको तीव्र वृद्धिका कारण आईसीटी क्षेत्रको व्यापार बचत ५० अर्ब ५५ करोड डलर पुगेको छ।

विश्लेषणात्मक रूपमा हेर्दा, एआई पूर्वाधारमा बढ्दो विश्वव्यापी लगानीले दक्षिण कोरियाको प्रविधि उद्योग र निर्यातलाई थप गति दिएको देखिन्छ।

विश्व सङ्क्षेप

अमेरिका-इरान तनाव घटाउन पाकिस्तानको पहल

इस्लामाबाद, ३० कार्तिक (एपी)। पाकिस्तानले अमेरिका र इरानबिचको तनाव कम गर्न क्षेत्रीय मुलुकको समर्थनसहित कूटनीतिक प्रयास जारी राख्ने प्रतिबद्धता जनाएको छ। विदेशमन्त्री इशाक दारले सोमबार इस्लामाबादमा आयोजित क्षेत्रीय आर्थिक सहयोग सङ्गठन (इको) को बैठकमा शान्ति र स्थिरताबिना आर्थिक विकास तथा व्यापार विस्तार सम्भव नहुने बताउनुभयो।

दस सदस्यीय इको बैठकमा इरानी विदेशमन्त्री अब्बास अराघचीसहित विभिन्न देशका कूटनीतिज्ञ सहभागी थिए। अराघचीले अन्तर्राष्ट्रिय कानून र शान्तिपूर्ण समाधानको पक्षमा उभिन आग्रह गर्दै अमेरिकामाथि आक्रामकता र आर्थिक दबाब सिर्जना गरेको आरोप लगाउनुभयो। उहाँले फारसको खाडी र हर्मुज जलघाँटीको तनावका लागि अमेरिका र इजरायललाई जिम्मेवार ठहऱ्याउनुभयो।

पाकिस्तानले गत अप्रिलमा अमेरिका र इरानबिच प्रत्यक्ष वार्ताको पहिलो चरण आयोजना गरेको थियो। हर्मुज जलघाँटीको गतिरोधले तेलको मूल्य र आफ्नो अर्थतन्त्रमा असर पारेको भन्दै पाकिस्तानले उक्त जलमार्ग पुन: सञ्चालन गर्न आग्रह गर्दै आएको छ।

बैठकमा अफगानिस्तानसँगको सम्बन्ध सुधारको विषय पनि उठेको थियो। विदेशमन्त्री दारले अफगानिस्तानसँग व्यापार तथा पारवहन सहकार्य विस्तार गर्न चाहेको बताउँदै त्यसका लागि तालिबान सरकारले छिमेकी मुलुकका सुरक्षा चासो र आतङ्कवादको खतरा सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो। पाकिस्तानले टिटिपी, बीएलए र अलकायदालाई आश्रय दिएको अफगान तालिबान सरकारमाथि आरोप लगाउँदै आएको छ। काबुलले भने आतङ्कवादी समूहलाई समर्थन गरेको आरोप अस्वीकार गर्दै आएको छ।

मुद्रास्फीति र खराब मौसमले जापानी अर्थतन्त्र सुस्त

टोकियो, ३० कार्तिक (एएफपी)। इरान युद्धका कारण बढेको मुद्रास्फीति, खराब मौसम र भूकम्पको असरले जापानको अर्थतन्त्र तेस्रो त्रैमासिकमा स्थिर भएको छ। जुलाईदेखि सेप्टेम्बरसम्म अर्थतन्त्रमा कुनै वृद्धि नभएको सरकारी तथ्याङ्कले देखाएको छ। यो विश्लेषकहरूको ०.१ प्रतिशत वृद्धिको अनुमानभन्दा कमजोर हो। तेलको मूल्यवृद्धि र कमजोर येनका कारण आयात महँगिँदा उपभोक्ता खर्च प्रभावित भएको छ। तेस्रो त्रैमासिकमा निजी उपभोग ०.३ प्रतिशतले घटेको छ। यसअघि अप्रिलदेखि जुनसम्म पनि समान दरले गिरावट आएको थियो। वार्षिक आधारमा अर्थतन्त्र ०.१ प्रतिशतले सङ्कुचित भएको छ।

जुलाईमा आएको आँधी र भारी वर्षाले उपभोक्तालाई किनमेलमा जान निरुत्साहित गरेको थियो। त्यस्तै, क्युसु क्षेत्रमा गएको भूकम्पका कारण कारखाना बन्द हुँदा उत्पादन र निर्यातमा समेत असर परेको थियो। सरकारी सहायता र कम्पनीहरूको लगानी वृद्धिले पनि अर्थतन्त्रलाई गति दिन सकेन।

क्यापिटल इकोनोमिक्सका मार्सेल थिएलियन्टले आर्थिक वृद्धिसम्बन्धी पछिल्लो तथ्याङ्क अनुमानभन्दा कमजोर र निराशाजनक रहेको बताउनुभएको छ। मुद्रास्फीति बढिरहेकाले जापानको केन्द्रीय बैंकले आगामी डिसेम्बरमा ब्याजदर थप बढाउन सक्ने विश्लेषकहरूको अनुमान छ। अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार सन् २०२७ मा जापान विश्वका ठुला अर्थतन्त्रको सूचीमा छैटौँ स्थानमा झर्नेछ। भारत र जर्मनीले जापानलाई उछिन्ने कोषको प्रक्षेपण छ।

सुडानमा ड्रोन आक्रमण, चार बालबालिकासहित १५ जनाको मृत्यु

खार्तुम, ३० कार्तिक (एएफपी)। सुडानको पश्चिम कोर्डोफान राज्यस्थित एक गाउँमा सेनाले गरेको ड्रोन आक्रमणमा फुटबल खेलिरहेका चार बालबालिकासहित १५ जनाको मृत्यु भएको छ। आइतबार अबु कल्ब गाउँमा भएको आक्रमणमा अन्य केही घाइते भएका छन् भने कैयौँ घरमा आगलागी भएको स्थानीय अधिकार अनुगमन संस्थाले जनाएको छ।

स्थानीय अधिकार अनुगमन संस्था कोर्डोफान अब्जर्भेटरीका अनुसार सेनाले एउटै क्षेत्रमा दुईपटक ड्रोन प्रहार गरेको थियो। पहिलो प्रहार गाउँको सार्वजनिक चोकमा भएको थियो, जहाँ बालबालिका फुटबल खेलिरहेका थिए। दोस्रो प्रहार स्थानीयका घरमा हुँदा धेरै घरमा आगलागी भएको थियो।

आफ्नो सुरक्षा जोखिमका कारण नाम सार्वजनिक नगर्न आग्रह गरेका एक जीवित व्यक्तिले सञ्चार अवरोध छल्न स्याटेलाइट इन्टरनेट प्रयोग गरी घटनाबारे जानकारी दिएका छन्। उनका अनुसार आक्रमणमा १५ जनाले ज्यान गुमाएका छन्। मारिएकामध्ये नौ जना उनका आफन्त थिए। उनले युद्धमा यसअघि नै बुबा गुमाएका दुई बालबालिकासमेत आक्रमणमा मारिएको बताएका छन्।

सुडानी सेनाले सन् २०२३ को अप्रिलदेखि जारी युद्धमा अर्धसैनिक द्रुत समर्थन बल (आरएसएफ) को नियन्त्रणमा रहेका क्षेत्र पुन: कब्जा गर्ने प्रयासस्वरूप पश्चिम कोर्डोफान राज्यमा प्रत्याक्रमण गरिरहेको छ। सोही क्रममा गाउँमा आक्रमण भएको हो।

सहायता क्षेत्रमा कार्यरत अधिकारीहरूको अनुमानअनुसार सुडानको युद्धमा अहिलेसम्म दुई लाखभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। युद्धले विश्वकै ठुलो भोकमरी र विस्थापन सङ्कटसमेत निम्त्याएको छ।

संयुक्त राष्ट्रसङ्घले युद्धरत दुवै पक्षले व्यापक रूपमा ड्रोन प्रयोग गरिरहेको भन्दै बारम्बार चिन्ता व्यक्त गर्दै आएको छ। सन् २०२६ को पहिलो छ महिनामा मात्रै ड्रोन आक्रमणमा एक हजार १०० भन्दा बढी मानिसको मृत्यु भएको राष्ट्रसङ्घले जनाएको छ। यस वर्ष भएका बालबालिकासम्बन्धी सयौँ हताहतीमध्ये करिब दुई तिहाइको मृत्यु वा घाइते हुनुमा ड्रोन आक्रमण जिम्मेवार रहेको राष्ट्रसङ्घले यसै साता बताएको छ।

नयाँ पुस्ता – समाज, राजनीति र पुस्तान्तरणको बहस

✍ पानसिं तोमर

हिन्दी किताबलाई केही समयका लागि साइडमा राखेर मार्क्सवादी साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित कथासङ्ग्रह 'नयाँ पुस्ता' पढेर सकाएँ। आख्यान बढी पढ्ने बानी भएर पनि कथा पढ्न म त्यति रुचाउँदिनँ। अझ छोटा कथाहरू त स्वाद लिन नपाउँदै सकिने चकलेटजस्तै लाग्छ। कथा सुरु भएर पात्र र परिवेशसँग परिचित हुँदै गर्दा सकिहाल्ने भएकोले पनि छोटा कथाप्रति मेरो रुचि अलि कम छ। तर 'नयाँ पुस्ता' पढ्दै गर्दा कतिपय कथाले भने मेरो यही मान्यतालाई चुनौती दियो।

यो हरिबहादुर श्रेष्ठको तेस्रो कथासङ्ग्रह हो। यसमा लामा र छोटा गरी जम्मा २४ वटा कथा समेटिएका छन्। सङ्ग्रहका लामा कथामध्ये 'कल्पना' र 'नयाँ पुस्ता' उल्लेखनीय छ। त्यस्तै, 'एक संवाद', 'छोरी', 'किसानको आक्रोश' र 'विवाह-एक दुःस्वप्न' जस्ता छोटा कथाले पनि आफ्नो विषयको ध्यान खिचेका छन्।

'अखबार पुऱ्याउने केटो' र 'दिदीको डायरी' आकर्षित कथाहरू हुन्। यी कथा पढिसकेपछि मनमा एउटा कुरा आउँछ- अझै केही लामो भएको भए हुन्थ्यो ! पात्र र घटनासँग पाठकको सम्बन्ध गाँसिन थालेपछि कथा टुङ्गिन्छ। सायद यही नै कथाकारको विशेषता होला।

'कल्पना' : एउटा घरभित्र समाज र देशको चित्र

'कल्पना' कथा पढिरहँदा अझै नसकिए हुन्थ्यो जस्तो लाग्छ। कथाको विषयवस्तु, पात्रहरूको संवाद र त्यसमा उठाइएका सामाजिक तथा राजनीतिक प्रसङ्गले पाठकलाई अन्तिमसम्म बाँधिराख्छ।

कथामा बन्धुलाई अञ्जनाले भनेको एउटा संवाद निकै अर्थपूर्ण छ- "तिमीलाई चित्तमा उचित नलागेको विषयमा बोल्दैनौ, हाँसेर टार्छौं, ख्यालख्यालमै पन्छाउँछौ।...."

यो संवाद दुई पात्रबिचको असमझदारी मात्र होइन, कतिपय अवस्थामा समाजमा देखिने मौनता र जिम्मेवारीबाट पन्छिने प्रवृत्तिमाथिको टिप्पणी पनि हो। त्यस्तै, कथामा आएको अर्को राजनीतिक अभिव्यक्ति झनै विचारणीय छ- "मित्रहरूले प्रजातन्त्र र गणतन्त्र ल्याउन सघाए- नेपाली जनताको निम्ति भन्दा आ-आफ्नो निम्ति गरेको साबित भयो।" यो वाक्यले नेपाली राजनीतिको एउटा तीतो यथार्थलाई उजागर गर्छ। परिवर्तनका लागि सँगै हिँडेका पात्रहरू, उनीहरूले देखेका सपना र परिवर्तनपछि देखिएको व्यवहारबिचको अन्तरलाई कथाकारले संवादमार्फत प्रस्तुत गरेका छन्।

'कल्पना' कथा पढिरहँदा लाग्यो - यसले एउटा आदर्श घर कस्तो हुनुपर्छ भन्ने विषयदेखि घरभित्रको पढ्ने कोठा, आराम गर्ने कोठा र अतिथि सत्कार गर्ने कोठासम्मको परिकल्पना प्रस्तुत गरेको छ। उमेरअनुसारको खानपिन, उचित साथीसङ्गत, साथीहरूबिचको संवाद, अध्ययनको महत्त्व र देशको राजनीतिक अवस्थासम्मका विषय कथाभित्र समेटिएका छन्।

यस अर्थमा कथाकारले काल्पनिक पात्र र घटनाको सहाराले पाठकलाई सामाजिक जीवनको व्यावहारिक पाठ पढाउन खोजेको देखिन्छ। कथामा घरपरिवार कसरी व्यवस्थित हुनुपर्छ, बालबालिका तथा युवाको व्यक्तित्व विकासमा कस्तो वातावरण आवश्यक हुन्छ र राजनीतिक चेतना कस्तो हुनुपर्छ भन्ने विषयलाई उदाहरणसहित प्रस्तुत गरिएको छ।

'नयाँ पुस्ता' : सम्बन्ध, राजनीति र पुस्तान्तरणको कथा

सङ्ग्रहको 'नयाँ पुस्ता' कथा पनि उत्तिकै सशक्त छ। यसमा युवा राजनीतिक कार्यकर्ता



'अनन्त' को जीवन र राजनीतिक यात्रालाई केन्द्रमा राखिएको छ। अनन्त, कान्छा दाइ (बा), आमा र बुहारी केशरीबिच हुने संवाद तथा पारिवारिक प्रसङ्गमार्फत कथाकारले अनन्तको राजनीतिक जीवनका विभिन्न पाटाहरू उजागर गरेका छन्। राजनीतिक यात्राका क्रममा सँगै हिँडेका तर पछि छुटेका साथीहरू, चाहेर पनि सँगै यात्रा गर्न नसकेका सहयात्रीहरू र बदलिँदो परिस्थितिले मानिसहरूबिच ल्याउने दूरीलाई कथाले स्मरण गराएको छ।

कथामा आमासँगको संवादको क्रममा आएको एउटा वाक्य मन छुने खालको छ- "आमा, मानिस र साथीहरू सबै बेइमान हुँदैनन्।" यो अभिव्यक्तिले सम्बन्धमा आउने उतारचढावलाई एउटै दृष्टिकोणबाट हेर्न नहुने सन्देश दिन्छ। राजनीतिक यात्रामा विचार, परिस्थिति र उद्देश्य फरक हुँदै जाँदा सहयात्रीहरू छुट्टिन सक्छन्। तर, सबै छुट्टिनेहरू बेइमान हुँदैनन् भन्ने मानवीय पक्षलाई कथाले उजागर गरेको छ। त्यसैगरी, कथाले सामाजिक सम्बन्ध र सङ्गठनको महत्त्वलाई प्रस्ट पारेको छ- "समयसँगै साथीहरू छुट्दै जाने हैन, मानिसहरूको सामाजिक, आर्थिक, सांस्कृतिक आदि परिस्थिति र उद्देश्य छुट्दै जाने र सामूहिक सङ्गठनात्मक कक्षाले मात्रै एकतामा बाँध्ने देखिन्छ।" यो कथाको एउटा महत्त्वपूर्ण वैचारिक पक्ष हो। मानिसहरूबिचको सम्बन्ध केवल व्यक्तिगत मित्रताले मात्र टिक्दैन। उनीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था, जीवनको उद्देश्य तथा सामूहिक सङ्गठनले पनि सम्बन्धको निरन्तरता निर्धारण गर्छ भन्ने आशय यसमा देखिन्छ। अर्को महत्त्वपूर्ण प्रसङ्गमा कथाकारले पुस्तान्तरण र महिला नेतृत्वको विषयलाई उठाएका छन् - "वर्षौंदेखिका सामाजिक समस्या र महिलासम्बन्धी समस्या एउटै पुस्ताले समाधान गर्न सक्दैन। अब नयाँ पुस्ताले समस्या समाधान गर्ने र त्यसमा आमा, दिदीबहिनीहरूको महत्त्वपूर्ण हात हुनेछ। अब नेपाली समाजको नेतृत्व महिलाले गर्नेछ।"

यस अभिव्यक्तिमा कथाको मूल मर्म भेटिन्छ। सामाजिक समस्या समाधानका लागि पुस्तान्तरण आवश्यक छ। नयाँ पुस्ताले पुराना समस्याको समाधान खोज्नुपर्छ। त्यस प्रक्रियामा महिलाको भूमिका निर्णायक हुनुपर्छ भन्ने विचार कथाले अघि सारेको छ। 'नयाँ पुस्ता' शीर्षकको सार पनि यही पुस्तान्तरण, सामाजिक रूपान्तरण र महिला सहभागिताको परिकल्पनामा केन्द्रित रहेको अनुभूति हुन्छ।

यस सङ्ग्रहमा समेटिएका कथाहरू वि.सं. २०७२ देखि २०८० सालसम्म लेखिएका रहेछन्। अर्थात्, देशको राजनीतिक, सामाजिक र सांस्कृतिक जीवनमा विभिन्न उतारचढाव देखिएको समयका सिर्जना यसमा समेटिएका छन्।

सङ्ग्रहको अन्तिमतिरबाट पढ्न सुरु गरेको यो पुस्तक दुई बसाइँमै सकियो। कथाहरूको विविधता, विषयवस्तु र कतिपय कथामा प्रस्तुत विचारले पढाइलाई निरन्तरता दिन प्रेरित गऱ्यो। राम्रो कभर, गुणस्तरीय कागज र २४ वटा कथाको सङ्ग्रहका लागि रु. ३५० मूल्य महँगो लागेन। पुस्तक प्रकाशन गर्ने 'मजदुर' दैनिकलाई धन्यवाद ! 'नयाँ पुस्ता' कथासङ्ग्रह घटनाहरूको संयोजन भएको कथासङ्ग्रह मात्र होइन यसमा परिवार, समाज, मित्रता, राजनीति, पुस्तान्तरण, महिला नेतृत्व र सामाजिक रूपान्तरणको विषयले ठाउँ पाएका छन्।

मलाई विशेष गरी 'कल्पना' र 'नयाँ पुस्ता' ले बढी छोयो । यी कथामा कथाकारको अनुभव, राजनीतिक चेतना, सामाजिक दृष्टिकोण र भविष्यप्रतिको अपेक्षा अभिव्यक्त भएको महसुस हुन्छ। कथा पढ्न त्यति रुचि नराख्ने पाठकका रूपमा पनि यो सङ्ग्रहले मलाई दुई बसाइँसम्म बाँधेर राख्यो। सायद पुस्तकको सफलता यही हो- पाठकलाई आफूले रोजेको विधाभन्दा बाहिर गएर पनि पढिरहन प्रेरित गर्नु।

स्रोत : भक्तपुर टाइम्स डटकम

सरकारी खरिद ढिलाइ हुँदा सस्तोमा धान बेच्दै किसान

बर्दिया, ३० कार्तिक। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद प्रक्रिया ढिलो सुरु गर्ने भएपछि बर्दियाका किसान सस्तो मूल्यमा धान बिक्री गर्न बाध्य भएका छन्। हिउँदेबाली लगाउन खेत जोत्ने, मल तथा बीउ खरिद गर्ने र घरायसी खर्च जुटाउनुपर्ने भएपछि किसानले सरकारले तोकेको न्यूनतम समर्थन मूल्यभन्दा निकै कम मूल्यमा धान बिक्री गरिरहेका छन्।

गुलरिया नगरपालिका-१२ भैसाहीका अगुवा किसान जगमोहन थारूले खाद्य व्यवस्था तथा व्यापार कम्पनीले समयमै धान खरिद नगर्दा सस्तो मूल्यमा धान बिक्री गर्नुपरेको बताउनुभयो। उहाँले प्रतिक्विन्टल रु. दुई हजार ८०० का दरले ३०० क्विन्टल धान बिक्री गरेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "हिउँदेबाली लगाउन खेत जोत्ने खर्च र घरायसी आवश्यकता पूरा गर्न धान सस्तोमा बिक्री गर्नुपरेको छ।" उहाँजस्तै बढैयाताल गाउँपालिका-७ का किसान रामदेव थारूले पनि सस्तो मूल्यमा धान बिक्री गर्नुभएको छ। मल तथा हिउँदेबालीका लागि बीउ खरिद गर्न रकम अभाव भएपछि शनिबार धान बिक्री गरेको उहाँले बताउनुभयो।

बर्दियामा अहिले मोटा धान प्रतिक्विन्टल रु. दुई हजार ९०० मा बिक्री भइरहेको छ। बढैयाताल गाउँपालिका-५ बढैयागाउँका गल्ला व्यापारी सुरेश थारुले मोटा धान प्रतिक्विन्टल रु. दुई हजार ९०० र मसिनो धान रु. चार हजारका दरले खरिद गरिरहेको बताउनुभयो।

बर्दियामा धान खरिद गर्दै आएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राजापुरले मङ्सिर ३ गतेदेखि धान खरिद गर्ने जनाएको छ। गत वर्ष कार्तिक १९ गतेदेखि खरिद सुरु गरेको कम्पनीले यस वर्ष करिब दुई साता ढिलो प्रक्रिया अघि बढाउँदा किसानले आधाभन्दा बढी धान सस्तो मूल्यमा बिक्री गरिसकेको नेपाल किसान महासङ्घका अध्यक्ष बिपी भण्डारीले बताउनुभयो। किसानको धान समयमै खरिद गर्न कम्पनीलाई दबाब दिँदै आएको उहाँले जानकारी दिनुभयो।

जिल्लाको प्राथमिक खरिद समितिले बिचमा तिहार बिदा परेका कारण मङ्सिरको पहिलो सातादेखि धान खरिद गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो। जिल्लाका आठवटै पालिकाबाट प्रतिपालिका तीन हजार क्विन्टलका दरले धान खरिद गर्ने योजना रहेको कठायतले बताउनुभयो। उहाँका अनुसार २४ हजार क्विन्टल धान पालिकामार्फत र बाँकी छ हजार क्विन्टल कम्पनीको आफ्नै परिसरबाट खरिद गरिनेछ।

सरकारले यस वर्ष मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु. तीन हजार ६६० र मध्यम धानको रु. तीन हजार ८६० तोकेको छ। गत वर्ष मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल रु. तीन हजार ४६३ र मध्यम धानको रु. तीन हजार ६२८ तोकिएको थियो।

बर्दियामा ५० हजार एक सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ। उक्त क्षेत्रफलबाट दुई लाख २८ हजार ८१ मेट्रिक टन धान उत्पादन हुने गरेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयका कृषि प्राविधिक अधिकृत एवं सूचना अधिकारी फिर्तुमान चौधरीले बताउनुभयो। **(रासस)**

मानव-वन्यजन्तु सहअस्तित्वको नवीनतम उपाय खोज्न भुटानमा अन्तर्राष्ट्रिय सम्मेलन सुरु

काठमाडौं, ३० कार्तिक। मानव र वन्यजन्तुबिच बढ्दो द्वन्द्व न्यूनीकरण गर्दै सहअस्तित्वका लागि दीर्घकालीन र दिगो उपाय खोज्ने उद्देश्यले भुटानको थिम्पुमा तीनदिने अन्तरराष्ट्रिय सम्मेलन सुरु भएको छ।

'साझा भू-दृश्यमा द्वन्द्व व्यवस्थापनबाट उत्थानशील प्रणालीतर्फ' भन्ने मूल नारासहित आजदेखि सुरु सम्मेलन आगामी मङ्सिर २ गतेसम्म सञ्चालन हुनेछ।

विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङले वन क्षेत्रको विस्तार, पूर्वाधार निर्माण, भूमिको उपयोगमा परिवर्तन, जलवायु परिवर्तन तथा जनसङ्ख्याको चापलगायत कारणले मानव र वन्यजन्तुबिचको द्वन्द बढिरहेको सन्दर्भमा सम्मेलन आयोजना गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, 'मानव-वन्यजन्तु सहअस्तित्वमा नवीनतम उपायको प्रवर्द्धन' विषयक सम्मेलन विश्व वन्यजन्तु कोष भुटानको सह-आयोजना भएको हो।

विशेषगरी संरक्षित क्षेत्रबाहिर मानव बस्ती तथा कृषि क्षेत्रमा वन्यजन्तुको आवागमन बढ्दा स्थानीय समुदायको जीविकोपार्जन, खाद्य सुरक्षा र सुरक्षामा चुनौती थपिएकाले सम्मेलनमा यस विषयमा छलफल हुनेछ।

सम्मेलनमा नीति निर्माता, अनुसन्धानकर्ता, संरक्षणकर्मी, स्थानीय समुदाय, विकास साझेदार तथा विभिन्न संस्थाका प्रतिनिधिको सहभागिता रहनेछ।

उहाँका अनुसार सम्मेलनमा मानव-वन्यजन्तु सहअस्तित्वका क्षेत्रमा भएका अभ्यास, नवीनप्रविधि, सफल अनुभव र चुनौतीबारे छलफल हुनेछ। डा. गुरुङका अनुसार तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा पहिलो दिन मानव-वन्यजन्तु सहअस्तित्वका पारिस्थितिक, सामाजिक, संस्थागत तथा भू-दृश्यसम्बन्धी जटिलता र चुनौतीबारे छलफल हुनेछ।

परम्परागत द्वन्द्व व्यवस्थापनका उपाय किन पर्याप्त हुन सकेनन् भन्ने विषयमा समेत सहभागीबिच अनुभव आदानप्रदान हुनेछ।

त्यस्तै सामुदायिक सहभागिता, वैज्ञानिक अनुसन्धान, प्रविधि, अनुकूलनशील व्यवस्थापन, दिगो वित्तीय स्रोत र भू-दृश्यस्तरको योजनामार्फत सहअस्तित्व प्रवर्द्धन गर्ने नवीनतम उपायबारे छलफल हुनेछ।

भुटान र समग्र पूर्वी हिमाली क्षेत्रमा मानव-वन्यजन्तु सहअस्तित्वका लागि साझा कार्ययोजना, संस्थागत सहकार्य, अनुगमन प्रणाली र दीर्घकालीन वित्तीय व्यवस्थाका सम्भावनाबारे छलफल गरिनेछ। डा. गुरुङका अनुसार, सम्मेलनमा हात्ती, बाघ, हिउँचितुवालगायत वन्यजन्तुलाई मानव-वन्यजन्तु द्वन्दका फरक आयाम बुझ्ने आधारका रूपमा प्रस्तुत गरिनेछ। ती वन्यजन्तुले बासस्थानको सम्पर्क, पूर्वाधारको दबाब, संरक्षणको सफलता र स्थानीय जीविकोपार्जनमा पर्ने प्रभावलाई उजागर गर्दै आएको आयोजकको भनाइ छ। **(रासस)**

युक्रेनसँग...

तर, क्षेत्रीय सम्झौताको विरोध गर्ने मस्कोको अडान एउटा चालबाजी हुन सक्छ, जसको उद्देश्य आफूले साँच्चै महत्त्वपूर्ण ठानेका बृहत् भू-राजनीतिक मुद्दाहरूमा अधिकतम लाभ हासिल गर्नु हो। अन्त्यमा, स्लोभियान्स्क र क्रामातोर्स्कमाथि दाबी गर्न क्रेमलिनलाई प्रेरित गर्ने कुरा प्रचारमूलक प्रतीकवाद मात्र हो।

परिवर्तनको अर्को सङ्केत युरोपेली सरकारहरू शान्ति वार्ताको प्रक्रियामा सामेल हुन खोज्नु हो। यद्यपि, यसले युरोपेली सङ्घकी विदेश नीति प्रमुख काया कालासजस्ता कट्टरपन्थीहरू र सम्झौता अपरिहार्य छ भन्ने ठान्ने व्यावहारिक पक्षधरहरूबिचको मतभेदलाई छर्लङ्ग पारेको छ। यसमा विशेष गरी फिनल्यान्डका राष्ट्रपति अलेक्ज्यान्डर स्टब र नर्वेली प्रधानमन्त्री जोनास गाहर स्टोर समावेश छन्, जसले अबु धाबी वार्ता हुनुअघि, अक्टोबर २७ का दिन, युरोपेली सङ्घ नेतृत्वका केही पक्षहरूको गोप्य सहमतिमा पुटिनसँग लामो टेलिफोन वार्ता गरेका थिए।

हालैका दिनहरूमा अमेरिका र युक्रेन दुवैले युरोपेलीहरूलाई अर्को चरणको वार्तामा सहभागी हुन एकजना प्रतिनिधि तोक्न सुझाव दिएका छन्। अमेरिकी दूत स्टिभ विटकफले नोभेम्बर १२ मा बताएअनुसार, पुटिन वार्ताको अर्को चरणमा युरोपेली प्रतिनिधिहरूलाई सहभागी हुन दिन सहमत भएका छन्। रुसले यसको पुष्टि गरेन, जबकि पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले युरोपेली सङ्घको सहभागिताको सम्भावनालाई त्यसका लागि उनीहरूले छनोट गरिएका प्रतिनिधिको व्यक्तित्वसँग जोडे।

अबु धाबीमा देखिएको सायद सबैभन्दा उल्लेखनीय परिवर्तन भनेको युरोपमा नेटोका सर्वोच्च कमान्डर, एलेक्सस ग्रिन्केविचको उपस्थिति थियो; अझ विशेष गरी यसलाई क्रेमलिनले स्वागत गर्नु झन् अर्थपूर्ण थियो किनकि क्रेमलिनले यो युद्धलाई नेटोसँगको छद्म द्वन्द्वको रूपमा हेर्ने गर्दछ।

तर, जर्मन र बेलायती सरकारहरू जस्ता कट्टर अडान लिनेहरूले समेत आफ्नो बाटो परिवर्तन गरिरहेको स्पष्ट देखिन्छ। चान्सलर फ्रेडरिक मर्जले आगामी जी-ट्वान्टी (G20) शिखर सम्मेलनको क्रममा पुटिनसँग कुरा गर्न सकिने सङ्केत गरे। बेलायतका रक्षा सचिव वेस स्ट्रिटिडले अप्रत्याशित रूपमा रूससँग सञ्चार च्यानलहरू खुला गर्न आह्वान गरे।

कालास वा डेनमार्कका प्रधानमन्त्री मेटे फ्रेडरिकसेनजस्ता अन्य नेताहरू आफूलाई झन् - झन् एक्लिएको महसुस गरिरहेका छन् र तीव्रगतिमा भइरहेको घटनाक्रमलाई प्रभावित पार्न असमर्थ देखिएका छन्। जेलेन्स्कीको अवस्था पनि यस्तै छ; उनले आफ्ना पछिल्ला उपस्थितिहरूमा पश्चिमा समर्थनको अभाव महसुस भएको भन्दै निकै तीतोपन व्यक्त गरेका छन्। तर, उनी अमेरिकाको मध्यस्थतामा अघि बढिरहेको शान्ति प्रक्रियालाई निरन्तरता दिँदै छन्, किनकि उनीसँग धेरै विकल्प छैन।

नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत भनपा ८ खेलकुद समितिको संयोजनमा फूटबल प्रतियोगिता हुने

भक्तपुर, कार्तिक ३०। भक्तपुर नगरपालिकाको आयोजना मङ्सिर ३ गतेदेखि ९ गतेसम्म नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिता महेश्वरी खेलमैदानमा सञ्चालन हुँदै छ।

प्रतियोगितामा टेबुलटेनिस, भलिबल, फूटबल, कब्बडी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन , करााँते, उसु, तेक्वान्दो, जिम्नास्टिक, पोर्टबल, बाघचाल तथा कसिमला पाँय् गरी १५ खेल सञ्चालन हुनेछ।

भक्तपुर नगरपालिका वडा नं ८ खेलकुद समितिको संयोजन तथा व्यवस्थापनमा फूटबल प्रतियोगिता सञ्चालन हुने नगरपालिकाले जनाएको छ ।

उक्त फूटबल प्रतियोगितामा ६ वटा सामुदायिक र १० वटा निजी तथा आवासीय विद्यालय गरी जम्मा १६ वटा विद्यालयले सहभागिता जनाउनेछ।

पहिलो दिन ४ वटा खेल सञ्चालन हुनेछ। जसमा सरस्वती विद्यागृह र मेधा मावि, बासु मावि र मिनर्वा इङलिस सेकेन्डरी स्कूल, समता शिक्षा निकेतन मावि र राजश्री गुरुकुल तथा साइनिङ स्टुडेन्ट इङलिस सेकेन्डरी स्कूल र समाज सुधार माविबिच क्रमश: पहिलो, दोस्रो, तेस्रो तथा चौथो खेल हुनेछ।

दोस्रो दिन पनि ४ वटा खेल सञ्चालन हुनेछ। जसमा बाल विकास सेकेन्डरी स्कूल र सैनिक आवासीय मावि, ख्वप्रिङ इङलिस एकेडेमी र प्रोक्सिमा इन्टर नेसनल इङलिस सेकेन्डरी स्कूल, प्रभात इङलिस सेकेन्डरी स्कूल र वागीश्वरी मावि तथा श्री पद्म मावि र अक्सफोर्ड प्राक्टिकल सेकेन्डरीबिच क्रमश: पहिलो, दोस्रो, तेस्रो तथा चौथो खेल हुनेछ।

तेस्रो दिन र चौथो दिन २/२ वटा खेल सञ्चालन हुनेछ भने पाँचौं दिन मङ्सिर ७ गते सेमिफाइनल खेलमा २ वटा खेल तथा अन्तिम एवं फाइनल खेल मङ्सिर ९ गते हुने भनपा ८ वडा खेलकुद समितिले जनाएको छ।

देशको...

● रास्वपा सरकार गठन भएको आठ महिना भयो। तर, यो सरकारले अधिकांश सरकारी अस्पतालको सर्भर सिस्टमसमेत भरपर्दो बनाउन सकेन। रास्वपा सरकारको पहिलो कार्य दिनको सूचीमा १०० दिनमा १०० कार्यसूची सम्पन्न हुने सार्वजनिक भयो। डिजिटल हेल्थ कार्यान्वयन पनि यो कार्यसूचीमा थियो तर कागजमै सीमित भयो। बिचौलिया न्यायाधीश 'साठगाँठ' अध्ययन समिति पुनगर्ठन पनि अलपत्रै छ। दक्षिण कोरियाको प्रमाणित कर लेखापाल परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गरेका एक व्यक्तिले एआईबाट चिट चोरेको स्वीकारे जस्तै के रास्वपा सरकार पनि सङ्घीय संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत जलाएर आएको भनी स्वीकार गरेर विलय हुँदै छ।

हार्दिक समवेदना



जन्म : २०२०/०५/१०
निधन: २०८३/०७/२६

हाम्रा हितैषी मित्र तथा यस बचतका सदस्य **इन्द्रबहादुर खयरगोली**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

श्री यातु गणेश बचत परिवार
कमलविनायक, भक्तपुर

हार्दिक समवेदना



जन्म : १९८७/०६/०९
निधन: २०८३/०७/२२

यस बचतका सदस्य साधुराम श्रेष्ठकी ममतामयी आमा **दुर्गादेवी श्रेष्ठ**को दु:खद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

श्री यातु गणेश बचत परिवार
कमलविनायक, भक्तपुर

हार्दिक समवेदना



जन्म : १९९४/११/२७
निधन: २०८३/०७/२४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६ चोछें टोल बस्ने यस संस्थाका सदस्यता नं. ६३६५ का सदस्य **आसकुमारी थुसा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर

भूल सुधार सम्बन्धमा

ख्वप कलेज अफ लद्वारा मिति २०८३/०७/३० गते 'मजदुर' दैनिक पत्रिकामा प्रकाशित 'बोलपत्र/दरभाउपत्र प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना'मा बोलपत्र नं. NCB/WORKS/KCL/HALL/083/84 को कबोल अङ्क Nrs.25,38,372.79/-(Including VAT) को छनोट भएको दरभाउपत्रदाता Neorise Engineering Consultancy & Construction Pvt. Ltd. हुनुपर्ने र दरभाउपत्र नं. SQ/GOODS/KCL/FURNITURE/083/84 को कबोल अङ्क Nrs.11,65,482/-(Including VAT) को छनोट भएको दरभाउपत्रदाता Shreejanshil Nirman Sewa Pvt. Ltd. हुनुपर्नेमा अन्यथा हुन गएकाले यो भूल सुधार गरिएको छ। सूचनाका अन्य सम्पूर्ण विवरणहरू यथावत रहेका छन्।

हार्दिक समवेदना



जन्म : २०१५/०७/०१
निधन: २०८३/०७/२४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. १ सल्लाघारी टोल बस्ने यस संस्थाका सदस्यता नं. ८१४ का सदस्य **शंखबहादुर सिन्ताकल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:

- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

विद्यार्थी सम्मान कार्यक्रमसम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ मा SEE **परीक्षा उत्तीर्ण भएका संस्थाका बाल बचतकर्ता विद्यार्थीहरू र दस जोड दुई** (+2) **र स्नातक** (Bachelor) **परीक्षामा उत्तीर्ण भएका संस्थाका सदस्य एवं सदस्य परिवारका विद्यार्थीहरूलाई मङ्सिर १२ गते प्रशंसापत्र वितरणसहित मार्गनिर्देशन कार्यक्रम हुने** व्यहोरा जानकारी गराउँदै **मिति २०८३/०८/०४ गतेभित्र** आफ्नो चारित्रिक प्रमाणपत्र (Character Certificate) र लब्धाङ्क (Gradesheet) पत्रसहित निवेदन दिन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

पुनश्च : विद्यार्थी सम्मान कार्यक्रममा सहभागी सम्पूर्ण विद्यार्थीहरूलाई प्रमुख अतिथिबाट प्रशंसापत्र र मायाको चिनो प्रदान गरिनेछ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

'मजदुर' दैनिक र **'श्रमिक'** साप्ताहिक नियमित पढ्ने गरौं।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप माध्यमिक विद्यालय
भ.न.पा. ६, देकोचा, भक्तपुर

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०८/०१ गते

ख्वप माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि आवश्यक **ट्रायक शुट** खरिदको लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचनाअनुसार दर्ता भएका दरभाउपत्रहरूमध्ये तपसिलका दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, नियमानुसार दरभाउपत्रदाताहरू एवं सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

विवरण	दरभाउपत्र नं.	कबोल अङ्क	छनोट भएको दर भाउपत्रदाता
Procurement of Supply and Delivery of Track Suit (1800 set)	Khwopass/SQ/ Goods/TR/083/84	Nrs.1,383,120/- Including Vat	**R.N. Enterprises**

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

उपस्थितिको लागि अनुरोध

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष **नारायणमान बिजुक्छेँ**ज्यूको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८३ कार्तिक १३ देखि १८ गतेसम्म सञ्चालन गर्ने तय गरिएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद (टेबुलटेनिस, भलिबल, फूटबल, कबड्डी, खो खो, एथलेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, करााँते, उसु, तेक्वान्डो, जिम्नास्टिक, पोर्टबल, बाघचाल र कसिमला पाँय) प्रतियोगिता प्रतिकूल मौसमका कारण स्थगित गरिएको विद्यालयस्तरीय खेलकुद प्रतियोगिता मिति २०८३ मङ्सिर ३ गतेदेखि ९ गतेसम्म सञ्चालन हुने व्यहोरा जानकारी गराउँदै उक्त प्रतियोगिताको निम्न मिति, समय र स्थानमा हुने च्यालीसहित उद्घाटन कार्यक्रममा सम्पूर्ण नगरवासीहरू, विद्यालयहरू, टिम, क्लब, पुस्तकालय, सङ्घ संस्थालगायत खेलप्रेमीहरूलाई उपस्थितिको लागि अनुरोध गरिन्छ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ३ गते, बिहीबार
च्याली सुरु हुने समय : बिहान ११:०० बजे
स्थान : भ.न.पा. वडा नं. ९ दत्तात्रयबाट गोल्मढी, सुकुलढोका, टौमढी, नासमना, भार्वाचो, दूधपाटी हुँदै सहिद स्मृति खेल मैदान
उद्घाटन हुने समय : दिनको १२:३० बजे
उद्घाटन हुने स्थान : सहिद स्मृति खेल मैदान, भ.न.पा. २

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा